# वार्षिक कार्यक्रम सञ्चालन मार्गदर्शन

## (आ.व. २०७८/०७९)

(माननिय मन्त्रीस्तरबाट मिति २०७८।०८।०८ मा स्वीकृत)

# स्वास्थ्य


प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

प्रदेश नं. २, जनकपुरधाम, धनुषा

फोनः ०४१ ५९०४१४, ५९०४१२

Email: mosd@p2.gov.np

# विषयसूची


**समष्टिगत निर्देशन**........................................................... १

सामाजिक विकास मन्त्रालय अन्तर्गतका कृयाकलापहरू.................. ३

स्वास्थ्य निर्देशनालय अन्तर्गतका कृयाकलापहरू........................... ११

प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र अन्तर्गतका कृयाकलापहरू.................. ६२

प्रदेश स्वास्थ्य तालिम केन्द्र अन्तर्गतका कृयाकलापहरू.................. ७३

प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका कृयाकलापहरू................ ७६

स्वास्थ्य कार्यालय अन्तर्गतका कृयाकलापहरू.............................. ८२

अस्पताल अन्तर्गतका कृयाकलापहरू......................................... ९१

# समष्टिगत निर्देशन

स्वास्थ्य क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारिता, मितब्ययीता र एकरूपताका लागि सहजीकरण गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत निर्देशन तयार गरिएको छः

- कार्यक्रम सम्पन्न भए पश्चात सामाजिक विकास मन्त्रालयमा उल्लेखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनुपर्नेछ ।
- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्ययोजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।
- कार्यक्रमहरू सञ्चालन गर्दा मितब्ययीता र उपलब्धीलाई विशेष ध्यान दिनुपर्नेछ ।
- आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाइ पूर्णरूपमा पालन गर्नुपर्नेछ ।
- कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाको तथ्याङ्कीय विवरण स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा मासिक रुपमा प्रविष्ट गर्नु, गराउनुपर्नेछ । साथै अन्य व्यवस्थापन सूचना प्रणालीको मापदण्ड अनुसार तथ्याङ्कको प्रविष्ट तथा प्रतिवेदन गर्नुपर्नेछ । प्रदेश अन्तर्गतका स्थानीय तहमा पनि समयमै प्रतिवेदन तथा सूचना यस निर्देशिकामा बाँडफाँडका आधार उल्लेख गरिएकोमा सोहि बमोजिम तथा बाँडफाँडका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरुप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँड गरी कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ। प्रवाहका लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्नुपर्नेछ । कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ ।
- स्थानीय तहहरुसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरुलाई प्राथमिकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा
- विद्यमान कोभिड १९ लगायतका महामारी तथा महामारीजन्य अवस्थाको प्रभावकारी व्यवस्थापन तथा नियन्त्रणका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह सँगको समन्वय तथा सहकार्यमा प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

- अत्यावश्यक औषधि तथा औषधीजन्य सामग्रीहरुको निरन्तर सुनिश्चितताका लागि आवश्यक समन्वयका साथै आन्तरिक श्रोत साधनको कुशल व्यवस्थापन मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता तर्फ ध्यान दिनु पर्नेछ ।
- औषधि तथा औषधीजन्य सामग्री खरिद गर्दा संघ र प्रदेशबाट प्राप्त नहुने वा कम मात्रामा प्राप्त हुने तथा प्रदेश एवं स्थानीय तहमा बढि आवश्यक हुने औषधि तथा सामग्रीहरुलाई प्राथमिकता दिनुपर्नेछ । स्थानीय तहका लागि आपुर्ति गरिने औषधीहरुको खरिद कार्यमा दोहोरोपना नहोस भनी स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ ।
- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको निर्देशन र खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३,नियमावली २०६४, प्रदेश आर्थिक ऐन २०७८ प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७, अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै समस्या हुन गएमा वा थप जानकारी आवश्यक भएमा कार्यक्रमसँग संबद्ध यस मन्त्रालय, अन्तर्गतका निर्देशनालय, वा महाशाखासँग समन्वय गर्न सकिनेछ ।

१. स्वास्थ्य क्षेत्रको अध्ययन अनुसन्धान गर्न **Research Methodology, Data analysis and report writing** सम्बन्धी तालिम (खर्च शीर्षक २२५११,कार्यक्रम संकेत २.६.१.४६)

| | |
|---|---|
| परिचय | प्रदेशको स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि विस्तृत रुपमा अध्ययन तथा अनुसन्धानको आवश्यकता भएकोले यस कार्यमा संलग्न हुने ब्यक्तिहरूको क्षमता अभिबृद्धि गरी अध्ययन तथा अनुसन्धानलाइ प्रभावकारी तथा गुणस्तरीय बनाउन यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | Research Methodology, Data analysis and report writing को क्षेत्रमा क्षमता अभिबृद्धि गरी स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धान प्रभावकारी तथा गुणस्तरीय बनाउने । |
| अपेक्षित प्रतिफल | - स्वास्थ्य सम्बन्धी विषयमा क्षमता अभिबृद्धि हुने<br>- अध्ययन तथा अनुसन्धानका लागि विषयको छनौट, अनुसन्धान प्रक्रियाका लागि आवश्यक टूल र तरिकाको पहिचान, तथ्यांकको विश्लेषण, व्यवस्थापन गर्नका साथै र प्रतिवेदन र प्रकाशन गर्न सक्षम हुने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • अध्ययन तथा अनुसन्धान तथा तालिमको तालिमका लागि विस्तृत कार्ययोजना तयार पार्ने ।<br>• प्रदेश स्तमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवासंग सम्बन्धित संस्थाहरुबाट सहभागी छनौट गर्ने ।<br>• एक ब्याचमा २० देखि २५ जना सम्म सहभागी गराइ ५ देखि ७ दिनसम्मको Proposal writing, Research Methodology, data management & Analysis तालिम बजेटको परिधिभित्र रही आवश्यकता अनुसार २ देखि ३ ब्याचसम्म सञ्चालन गर्न सकिने ।<br>• प्रशिक्षणको लागि विषय विज्ञहरुलाई श्रोत व्यक्तिको रुपमा लिन सकिने छ।<br>• Certification तथा अन्य प्राविधिक सहयोगका लागि संघिय तथा प्रादेशिक तालिम केन्द्र तथा संघसंस्थासंग समन्वय गर्ने । |
| बजेट बाँडफाँड | वजेटको परिधि भित्र रहि स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धान सम्वन्धि तालिम तथा तथा अध्ययन गर्न आवश्यकता अनुसार बजेट बाँडफाँड गरी आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | स्वास्थ्य अध्ययन तथा अनुसन्धान सम्वन्धि ऐन नियम तथा दस्तावेजहरू। |

२. प्रदेश स्तरीय योग सम्मेलन (खर्च शीर्षक नं. २२५१२, कार्यक्रम संकेत २.६.६.२२,)

| | |
|---|---|
| परिचय | जीवनशैली परीवर्तनका लागी योग, ध्यान तथा प्राणायामको माध्यमबाट स्वस्थ्य जीवनको बारेमा जानकारी गराउन ,योगलाइ ब्यवहारमा ल्याउन प्रोत्साहित गर्न र योग/ध्यान को अभ्यास गराउने प्रयोजनका साथै योग/ध्यान शिविर संचालन, चिकित्सा सम्बद्ध योगको अभ्यास गरी स्वस्थ रहनको लागि दैनिक जीवनशैली र वानी व्यवहारका बारेमा बृहत छलफल गर्न यो कृयाकलाप राखिएको छ । |
| उदेश्य | जीवनशैली र वानी व्यवहारमा सकारात्मक परिवर्तन गर्न सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | ब्यावहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास भएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • योग सम्मेलनका लागि पुर्व तयारी बैठक संचालन गर्ने ।<br>• योग शिविर संचालन गरी योग शिक्षा तथा योगअभ्यास गराउने ।<br>• आवश्यकता अनुसार आयुर्वेदिक औषधि वितरण गर्ने ।<br>• आयुर्वेद क्षेत्रका विज्ञहरूसंग बृहत अन्तरकृयात्मक कार्यक्रम संचालन गर्ने ।<br>• स्वास्थ्यकर्मीहरू तथा स्वयंसेवकहरू परिचालन गरी स्वस्थ जीवनशैली, योग शिक्षा लगाएतका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने। |
| बजेट बाँडफाँड | योग सम्मेलन संचालनका लागि बजेटको परिधि भित्र रहि आवश्यकता अनुसार बाँडफाँड गरी पूर्व तयारी बैठक, आयुर्वेद, सामाग्री खरिद, स्रोत ब्यक्ति, यातायात खर्च, खाजा, प्रचार प्रसार खर्च, दैनिक भ्रमण खर्च,विविध खर्च आदि स्वीकृत गराउने र खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | योग सम्वन्धी सन्दर्भ सामाग्रीहरू |

३. प्रदेशभित्रका अति विपन्न दलितहरुलाई स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन एवं संचालनका लागि प्रति परिवार रु.एक हजारका दरले सहयोग (खर्च शीर्षक २२५२२, कार्यक्रम संकेत २.७.२५.११२)

| | |
|---|---|
| परिचय | यस प्रदेशमा प्रदेश भित्रका अति विपन्न दलितहरु स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुनेहरुको संख्या कम भएकोले लक्षित परिवारहरूलाइ आर्थिक सहयोग गरी बिमा सेवामा सहभागी गराइ स्वास्थ्य सेवालाइ सर्वशुलभ बनाउन यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उदेश्य | अति विपन्न दलितहरु स्वास्थ्य बिमा कार्यक्रममा स्वास्थ्य बिमामा आवद्ध गराई प्रभावकारी रुपमा सेवा प्रदान गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | अति विपन्न दलितहरु स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भइ प्रभावकारी रुपमा सेवा पाउनेछन् । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • दलित आयोग तथा दलित विकास समितिसंग समन्वय गरी स्वास्थ्य बिमा कार्यक्रममा सहयोग गर्ने विपन्न दलितहरुको गरी सुची तयार गर्ने ।<br>• सहयोग उपलब्ध गराउनका लागि criteria बनाइ अनुमोदन गराउने।<br>• स्वास्थ्य बीमा बोर्ड तथा स्थानीय तहसँग समन्वय गरी अति विपन्न दलितहरुलाइ स्वास्थ्य बीमामा आवद्ध गराउन रू एक हजार सहयोग गर्ने । |
| बजेट बाँडफाँड | बजेटको परिधिभित्र रही स्वीकृत कार्यक्रम अनुसार बाँडफाँड गर्ने । |
| सन्दर्भ सामाग्री | प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ तथा सम्वन्धित सामाग्रीहरू |

## ४. सुर्ति मदिरा तथा अन्य लागू पदार्थ नियन्त्रणका लागि प्रचार (खर्च शीर्षक २२५२२,कार्यक्रम संकेत २.७.५.२३)

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट सुर्ति मदिरा तथा अन्य लागू पदार्थ नियन्त्रण सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका यसबारे जानकारी गराई ज्ञान अभिवृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रमको कार्यक्रम राखिएको छ । |
| उदेश्य | • भाषा तथा संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने ।<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी व्यवहार परिवर्तन गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | सुर्ति मदिरा तथा अन्य लागू पदार्थ नियन्त्रण गर्न सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • सुर्ति मदिरा तथा अन्य लागू पदार्थ नियन्त्रण गर्न सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने । |

| | |
|---|---|
| | • सूचना प्रशारणका माध्यमहरु एफ एम प्रशारण, digital Hoarding Board, टेलिभिजन प्रशारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, लिफ्लेट, आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन गरी वितरण गरिनेछ । |
| बजेट बाँडफाँड | सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन, नियम तथा कानून अनुसार प्रमुखबाट क्रियाकलाप बजेट बाँडफाड र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने। |
| सन्दर्भ सामाग्री | सुर्ति मदिरा तथा अन्य लागू पदार्थ सम्वन्धि सामाग्रीहरू |

**५. सामाजिक विकास महाशाखाबाट प्रदेश स्तरमा सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल तथा अन्तरकृया (खर्च शिर्षक २२५२२, कार्यक्रम संकेत २.७.७.१५)**

| | |
|---|---|
| परिचय | सामाजिक क्षेत्रका कार्यक्रमहरूको बारेमा छलफल गरी समस्याको पहिचान गर्ने र आगामी बार्षिक कार्ययोजनामा समावेस गर्ने उदेश्यले प्रदेश स्तरमा सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल तथा अन्तर्किया कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उदेश्य | प्रदेश स्तरमा सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था र सम्बन्धित निकाय एव सरोकारवालाहरुको भुमिकाहरुका बारेमा छलफल गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेश स्तरमा सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल तथा अन्तरकृया भइ कार्ययोजना बनेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • प्रदेश स्तरमा सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल तथा अन्तरकृया लागि पुर्व तयारी बैठक संचालन गर्ने ।<br>• सम्पादन भएका गतिविधिहरू माथि समिक्षात्मक छलफल तथा अन्तर्किया, प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था एव सरोकारवालाहरुको भुमिकाहरुका बारेमा छलफल गर्ने ।<br>• अन्तरकृयामा छलफल भएका विषयहरूलाइ समेटी प्रतिवेदन तयार पार्ने |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँड गरी यस प्रयोजनका लागि गोष्ठी संचालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | नीतिगत दस्तावेजहरू । |

६. विभिन्न दिवस समारोह संचालन (खर्च शिर्षक २२५२२, कार्यक्रम संकेत २.७.७.१७)

| | |
|---|---|
| परिचय | महत्वपूर्ण दिवसहरु मार्फत जनचेतना स्थानीय स्तर सम्ममा फैलाइ सकारात्मक सोचको विकास गरी जीवनशैलीमा सुधार गर्न यो कार्यक्रम राखिएको छ। |
| उदेश्य | विषयवस्तुको महत्व जनस्तर सम्म पुर्याई जनचेतना स्थानीय स्तर सम्म पुर्याउने । |
| अपेक्षित प्रतिफल | ब्यावहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • दिवस मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना वनाउने ।<br>• विभिन्न सचेतनामुलक कृयाकलापहरु संचालन गर्ने। |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँड गरी दिवस मनाउनका लागि प्रिन्टीङ , खाजा लगाएतका शिर्षकमा आवश्यकता अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | दिवससंग सम्बन्धित पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु |

७. प्रदेश स्तरीय निर्देशिका नीति नियम रणनिति निर्माण तयारी तथा छपाई (खर्च शिर्षक २२५२२, कार्यक्रम संकेत २.७.५.१८)

| | |
|---|---|
| परिचय | प्रदेशमा विभिन्न क्षेत्रअरूमा मार्गनिर्देश गर्न आवश्यकता देखिएकोले यस सम्वन्धी नीति, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि तयार पारी कार्यन्वयनमा लैजान यो कृयाकलाप राखिएको छ । |
| उदेश्य | नीति, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि तर्जुमा गरी लागु गर्ने |
| अपेक्षित प्रतिफल | शुसासन तथा प्रणालीलाइ सुदृढीकरण तथा नियमन गर्न मद्धत पुग्नेछ। |
| कार्यान्वयन गर्ने निकाय | सामिजक विकास मन्त्रालय |
| सचालन प्रकृया | • नीति, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि तयार गर्न नीतिगत निर्णय गर्ने।<br>• आवश्यकता अनुसार पुर्व तयारी बैठक बस्ने र विज्ञ सहितको समुह गठन गर्ने ।<br>• मस्यौदा तयार गरी छलफल र पृष्ठपोषणका लागि गोष्ठीहरू संचालन गर्ने |

| | |
|---|---|
| | • सरोकारवालाहरु संगको समन्वय र सहकार्यमा मन्त्रालयले नीतिको प्रारम्भिक मस्यौदा तयार गर्ने र सम्वन्धित निकायबाट अनुमोदन गराइ कार्यन्वयनमा ल्याउने । |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँड गरी यस प्रयोजनका लागि गोष्ठी संचालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | स्वास्थ्य सम्वन्धि नीतिगत दस्तावेजहरू । |

## ८. प्रदेश स्तरीय नियमित त्रैमासिक अन्तरकृया आयोजना (खर्च शिर्षक २२५१२, कार्यक्रम संकेत २.६.६.८)

| | |
|---|---|
| परिचय | मन्त्रालयबाट सम्पादित कार्यक्रमहरूको बारेमा छलफल गर्ने र मुख्य सवाल पहिचान गरि आगामी बार्षिक कार्ययोजनामा समावेस गर्ने उदेश्यले त्रैमासिक रूपमा अन्तरकृया आयोजना गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उदेश्य | प्रदेशको समग्र बस्तुस्थितिका बारेमा छलफल, प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था, सेवा उपभोगमा महिला, गरिव साथै बन्चीतिकरणमा परेको सेवाग्राहीहरुको अवस्था, सम्बन्धित निकाय एव सरोकारवालाहरुको भुमिकाहरुका बारेमा छलफल गर्ने । |
| अपेक्षित प्रतिफल | मन्त्रालयबाट सम्पादित कार्यक्रमहरूको र समग्र बस्तुस्थितिका बारेमा छलफल भइ कार्ययोजना बनेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सचालन प्रकृया | • अन्तरकृयाका लागि पुर्व तयारी बैठक संचालन गर्ने ।<br>• समग्र बस्तुस्थितिका बारेमा छलफल, प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था, सेवा उपभोगमा महिला, गरिव साथै बन्चीतिकरणमा परेको सेवाग्राहीहरुको अवस्था, सम्बन्धित निकाय एव सरोकारवालाहरुको भुमिकाहरुका बारेमा छलफल गर्ने ।<br>• विज्ञहरूसंग बृहत अन्तरकृयात्मक कार्यक्रम संचालन गर्ने ।महिला गरिव तथा बन्चितिमा परेका समूहरुलाई सेवा उपभोग बृद्धि गराउन गरिएका प्रयासहरु, प्राप्त उपलब्धिहरु, त्यस्ता वर्ग र छेत्रमा सेवा उपलब्ध गराउन परेका कठिनाइहरुको विश्लेषणात्मक छलफल गर्ने।<br>• अन्तरकृयामा छलफल भएका विषयहरूलाइ समेटी प्रतिवेदन तयार पार्ने |
| बजेट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँड गरी यस |

| | |
|---|---|
| बाँडफाँड | प्रयोजनका लागि गोष्ठी संचालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | सम्वन्धित नीतिगत दस्तावेजहरू । |

**९. मन्त्रालयका कर्मचारीहरूको लागि कोभिड १९ संक्रमणबाट सुरक्षित भइ काम गर्नलाई मास्क तथा स्यानिटाइजर लगाएतका सामानहरू खरिद (खर्च शिर्षक २२३१९, कार्यक्रम संकेत २.४.१५.११)**

| | |
|---|---|
| परिचय | कोभिड १९ नियन्त्रण को महामारीमा सुरक्षित भइ काम गर्न कर्मचारीहरूलाइ यसबाट बच्न सुरक्षा सामाग्री आवश्यक परेकाले यो शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | कोभिड १९ बाट सुरक्षित भइ काम गर्न र यो रोग सर्नबाट बच्न र बचाउन । |
| अपेक्षित प्रतिफल | कोभिड १९ नियन्त्रणमा सहयोग पुग्ने र सेवा नियमित हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | - कोभिड १९ बाट सुरक्षित भइ काम गर्न मास्क सेनिटाइजर लगाएतका सामानहरूको आवश्यकता पहिचान गर्ने र लिष्ट बनाउने ।<br>- खरिद गरिने सामानको स्पेसीफिकेशनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, ब्यवस्थापन महाशाखाको Technical Specification Bank तथा प्राविधिकले बनाएको स्पेसीफिकेशन बमोजिम खरिद गर्ने । |
| बजेट बाँडफाँड | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग, आवश्यकता तथा उपलब्धता अनुसार बजेट बाँडफाँड गर्ने। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ |

**१०. मन्त्रालयका कर्मचारीहरूको लागि अध्ययन भ्रमण अवलोकन सहितको पुनर्ताजगी तालिम (खर्च शिर्षक २२५११, कार्यक्रम संकेत २.६.३.४)**

| | |
|---|---|
| परिचय | मन्त्रालयका कर्मचारीहरूलाइ अध्ययन भ्रमण तथा अवलोकनको ब्यवस्था गरी क्षमता विकास, प्रोत्साहन तथा सेवा प्रवाहमा प्रभावकारीता तथा गुणस्तरीयता कायम गर्न थप सहयोग पुर्याउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अध्ययन भ्रमण तथा अवलोकनको ब्यवस्था गरी क्षमता विकासमा सहयोग पुर्याउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | कर्मचारीको क्षमता विकास भइ सेवा प्रवाहमा प्रभावकारीता तथा गुणस्तरीयता कायम हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • मन्त्रालयका कर्मचारीहरूको लागि क्षमता विकासका क्षेत्रहरूको पहिचान गर्ने ।<br>• क्षमता विकासका लागि पहिचान भएका क्षेत्रहरूमा प्याकेज तयार पारी पुनर्ताजगी तालिमको ब्यवस्था गर्ने । प्रशिक्षणको लागि विषय विज्ञहरुलाई श्रोत व्यक्तिको रुपमा लिन सकिने छ ।<br>• अध्ययन अवलोकन भ्रमणको लागि सोही क्षेत्रसंग सम्वन्धित स्थान छनोट गरी अध्ययन अवलोकन भ्रमणको ब्यवस्था गर्ने<br>• अध्ययन अवलोकन भ्रमण पश्चात प्रतिवेदन तयार पार्ने । |
| बजेट बाँडफाँड | विनियोजित बजेटको परिधिभित्र रहि आवश्यकता तथा उपलब्धता अनुसार बजेट बाँडफाँड गर्ने। |
| सन्दर्भ सामाग्री | तालिम तथा अध्ययन संग सम्वन्धित दस्तावेजहरू। |

**१. स्वास्थ्य क्षेत्रको रणनैतिक योजना तथा कार्यक्रम तथा निर्देशिका निर्माण तथा छपाई (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.३९५)**

| | |
|---|---|
| परिचय | स्वास्थ्य क्षेत्रको सुधारका लागि दिर्घकालिन सोच सहितको रणनैतिक योजना तथा कार्यक्रम तथा निर्देशिका निर्माण गरी स्वास्थ्यका कृयाकलापहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न र स्वास्थ्य सेवाको व्यवस्थापन, गुणस्तर तथा सेवाको उपभोगमा सुधार ल्याउन सहयोग पुर्याउन यो कार्यक्रम राखिएको छ। |
| उदेश्य | - प्रदेशमा स्वास्थ्य क्षेत्रका कार्यक्रम/कियाकलापहरुलाई दीर्घकालीन रुपमा मार्ग निर्देशन गर्ने,<br>- अनुगमन तथा नियमन गर्ने लगायतका अन्य निर्धारित स्वास्थ्य सेवा प्रवाहका समूचित व्यवस्थापन गर्न स्वास्थ्य क्षेत्रको रणनैतिक योजना तथा कार्यक्रम तथा निर्देशिका निर्माण तथा छपाई गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रको रणनैतिक योजना तथा कार्यक्रम तथा निर्देशिका निर्माण तथा छपाई भएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकिया | - सरोकारवाला निकायहरुसंग समन्वय बैठक राख्ने र आवश्यक निर्णय गर्ने<br>- प्राविधिक कार्य समूह गठन गरी कार्यसूचिको आधारमा मस्यौदा लेखन कार्य गर्ने।<br>- सम्पादकीय छलफल बैठकबाट मस्यौदाको अन्तिम रुप दिने।<br>- कार्यालयको निर्णायक बैठकबाट मस्यौदा पारित गराई तालुक निकायमा सो मस्यौदा स्वीकृतिको लागि सम्प्रेषण गर्ने।<br>- तालुक निकायबाट स्वीकृत भएको मस्यौदा छपाई गर्ने।<br>- प्रमाणित मस्यौदाको Presentation तथा Dissemination गर्ने।<br>- संयोजक कर्मचारीले कार्यक्रम सम्पन्न भएको खर्चको बिल भर्पाई सहित प्रतिवेदन पेश गर्ने।<br>- कार्यालय प्रमुखले कार्य प्रगतिको लेखा परिक्षण गराउने तथा सो को तालुक निकायमा प्रतिवेदन पेश गर्ने। |
| बजेट | यो कार्य सम्पन्न गर्नका लागि रु. ५,००,०००/– व्यवस्था गरेको छ। |

| | |
|---|---|
| बांडफांड | उक्त रकम आवश्यकता अनुसार बांडफांड गरी प्रदेश सरकारको खर्च मापदण्ड, २०७७ अनुसार निम्न अनुसा बैठक संचालन, समन्वय, परामर्श एवम् अनुगमन, कार्यक्रम Presentation तथा Dissemination तथा छपाईमा खर्च गर्न सकिने । |
| सन्दर्भ सामाग्री | स्वास्थ्य क्षेत्रको रणनैतिक योजना तथा कार्यक्रम तथा निर्देशिकासंग सम्वन्धित विषयगत क्षेत्रका सन्दर्भ सामाग्रीहरु |

**२. प्रदेश भित्रका नीजि अस्पताल नर्सिङ होम स्थापना तथा संचालन सम्बन्धी रणनीति तथा प्रोटोकल निर्माण (खर्च शिर्षक २२५२२, कार्यक्रम संकेत २.७.२२.३९६)**

| | |
|---|---|
| परिचय | सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तर्गत नीजि अस्पतालहरु त्था नर्सिङ होमहरु स्थापनाभई संचालनमा रहेको र संघिय संरचना अनुसार प्रदेश सरकार तथा स्थानिय तहको क्षेत्राधिकार अन्तर्गत नीजि अस्पतालहरु तथा नर्सिङ होमहरु स्थापना तथा संचालन गर्न आवश्यक नीति, रणनीतिहरु र प्रोटोकलहरु निर्माण गर्न यस शिर्षक अन्तर्गत बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | नीजि अस्पताल तथा नर्सिङ होम स्थापना र संचालन तथा स्तरोन्नति सम्बन्धी मापदण्ड तथा निर्देशिका रणनीति तथा प्रोटोकल निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | नीजि अस्पताल नर्सिङहोम स्थापना र संचालन तथा स्तरोन्नति सम्बन्धी मापदण्ड तथा निर्देशिका रणनीति तथाप्रोटोकलहरु निर्माण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालय, सरोकारवाला तथा सहयोगि निकायहरुसंग समन्वयात्मक बैठक गरि छलफल गर्ने ।<br>• संघिय सरकारले जारी गरेका नीति, निर्देशिका, रणनीति तथा प्रोटोकलहरुको अध्ययन गर्न निर्देशकज्यूको अध्यक्षतामा प्राविधिक कार्य समुह गठन गरि प्रदेश सरकारको क्षेत्राधिकार सुनिश्चित हुने गरि नीजि अस्पताल नर्सिङहोम स्थापना तथा संचालन सम्बन्धी रणनीति तथा प्रोटोकल निर्माण गर्ने ।<br>• यसरी रणनीति तथा प्रोटोकलहरु निर्माण गर्दा कानुन विज्ञहरु तथा भवन सम्बन्धि विज्ञहरुको पनि सहयोग लिई निर्माण गर्नुपर्नेछ । |
| बजेट | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकार तथा संघिय सरकारले |

| | |
|---|---|
| बाँडफाँड | जारी गरेका आर्थिक ऐन नियम, निमावली अनुसार खर्च गर्नु पर्ने हुन्छ । यस शिर्षक अर्न्तगत जम्मा रु ५ लाख विनियोजन गरिएको छ । |
| सन्दर्भ सामाग्री | - आर्थिक खर्च सम्बन्धि ऐन तथा नियमावलीहरु<br>- स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड निर्देशिका, २०७८ |

**३. स्वास्थ्य संस्थादर्ता नविकरणको अनुगमन समिति परिचालन** (**खर्च शिर्षक २२६११, कार्यक्रम संकेत नं** २.८.१.२६)

| | |
|---|---|
| परिचय | सार्वजनिक निजि साभ्फेदारी अवधारणा अन्तर्गत विभिन्न नीजि स्वास्थ्य संस्थाहरु संचालनमा रहेका छन । यसरी संचालनमा रहेका हरेक नीजि स्वास्थ्य संस्थाहरुले नियमित रुपमा गनुपर्ने नविकरण गरे नगरेको अनुगमन तथा नियमन गर्न यस शिर्षक अन्तर्गत बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नीजि स्वास्थ्य संस्थाहरुले प्रचलित ऐन नियम अनुसार नविकरण गरे नगरेको अनुगमन गर्ने । |
| अपेक्षित प्रतिफल | नीजि स्वास्थ्य संस्थाहरुले प्रचलित ऐन नियमअनुसार नविकरण गरे नगरेका विवरण संकलन सम्बन्धि प्रतिवेदन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रक्रिया | • स्वास्थ्य संस्था दर्ता नविकरण अनुगमन समितिको बैठक आयोजना गरि आठवटै जिल्लामा संचनलनमा रहेका स्वास्थ्य संस्थाहरुको नविकरणको अवस्थाको अनुगमन गर्न समय तालिका निर्धारण गर्ने ।<br>• यस समिति अन्तर्गत अनुगमन टोलीहरु गठन गर्न सकिने छ र आठवटै जिल्लाका स्वास्थ्य संस्थाहरुको अनुगमन गनुपर्ने हुन्छ । अनुगमनका विषय वस्तुहरुमा एकरुपता ल्याउन चेकलिष्टको आधारमा अनुगमन गरी प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्ने । |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकार तथा संघिय सरकारले जारी गरेका आर्थिक ऐन नियम, नियमावली अनुसार खर्च गर्नुपर्ने हुन्छ । यस शिर्षक अर्न्तगत जम्मा रु.५ लाख विनियोजन गरिएको छ । |
| सन्दर्भ सामाग्री | संघिय सरकार द्वारा जारी गरिएका नीति निर्देशिकाहरु, समितिको कार्यविवरण, प्रदेश सरकार द्धारा जारी गरिएका निर्देशिकाहरु, अनुगमनसँग सम्बन्धित दस्तावेजहरु । |

४. प्रदेश मातहत रहेका अस्पतालहरको न्युनतम सेवा मापदण्ड **MSS** को अनुगमन (खर्च शिर्षक २२६११, कार्यक्रम संकेत नं २.८.१.२९)

| | |
|---|---|
| परिचय | अस्पतालहरुमा गुणस्तरिय स्वास्थ्य सेवा, यसको प्रयोगको लागि तैयारी र पूर्णरुपमा उपलब्धता सुनिश्चितताको लागि न्यूनतम सेवा मापदण्ड कार्यक्रम हरेक अस्पतालमा लागु गरिएको छ । तसर्थ प्रदेश भित्र रहेका हरेक अस्पतालहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु गुणस्तरिय वनाउन विगतका बर्षहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालनमा रहेका् र सो अनुरुप अस्पतालहरुमा मापदण्ड पुरा भए नभएको अनुगमन गर्न, पुरा गरिएको मापदण्डको स्तरलाई निरन्तरता कायम गर्न साथै हरेक अस्पतालहरुबाट गुणस्तरिय स्वास्थ्य सेवाप्रवाहको लागि पृष्ठपोषण गर्न यस शिर्षकमा बजेट बिनियोजन गरेका छ । |
| उद्देश्य | अस्पतालमा न्यूनतम सेवा मापदण्ड कार्यान्वयको अवस्था अनुगमन गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेश अन्तर्गतका अस्पतालहरुमा न्यूनतम सेवा मापदण्ड कार्यान्वयको अवस्था, उपलब्धिहरु, तथा सेवाहरुको गुणस्तरको अनुगमन भएको हुने छ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रक्रिया | ● प्रदेश अन्तर्गतका हरेक अस्पतालमा न्यूनतम सेवा मापदण्ड (Hospital MSS) अनुगमन गर्न निर्देशकज्यूको अध्यक्षतामा टोली गठन गरिने छ । अनुगमनको चेकलिष्ट निर्माण गर्ने र सोहि चेक लिष्टको आधारमा अनुगमन गरि टोलीका सदस्यहरुलेअनुगमनका दौरान अवलोकन गरेका विषय वस्तुहरु समेटी प्रतिवेदन पेश गर्नुपर्ने छ ।<br>● अनुगमनका दौरान अस्पताल प्रमुख र विभागिय प्रमुखहरुसंग Hospital MSS चेकलिष्टमा भएका सुचकहरु, स्कोर कार्ड, कार्ययोजना तथा गुणस्तर सुधारमा गरिएका प्रयासहरु बारे छलफल, अन्तरकृया गर्नुपर्ने हुन्छ । |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकारले जारी गरेका आर्थिक ऐन नियम, नियमावली अनुसार खर्च गनु पर्नेछ । यस शिर्षक अर्न्तगत जम्मा रु ५ लाख विनियोजन गरिएको छ । |
| सन्दर्भ सामाग्री | अस्पतालहरुको न्युनतम सेवा मापदण्ड निर्देशिका । |

५.क्षयरोगको लागि रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग तथा अन्य फाराम र कार्डहरु छपाई (खर्च शिर्षक २२३१५ कार्यक्रम संकेत २.४.१२.२६)

| | |
|---|---|
| परिचय | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले परिमार्जन गरेको क्षयरोगको निदान तथा उपचार पद्धतीको आधारमा क्षयरोग कार्यक्रममा प्रयोग गरिने सम्पुर्ण रजिष्टर तथा फारमहरुमा परिमार्जन भएका छन् । जसले गर्दा एच एम आइ एस ९.३ ले मागेका सुचनाहरु स्वास्थ्य संस्थाहरुमा भएका पुराना रजिष्टर तथा फारमहरुवाट उपलब्ध हुन सक्दैन । त्यसैले परिमार्जित रजिष्टर तथा फारमहरु नियमित छपाई स्वास्थ्य संस्थामा उपलब्ध गराउनु अति आवश्यक देखिन्छ । |
| उद्देश्य | क्षयरोग कार्यक्रमको व्यवस्थापकीय कार्य सञ्चालनमा (रेकर्डिङ रिपोर्टिङ फर्म फर्म्याट फोटोकपी/प्रिन्टिङ , मसलन्द आदि) सहजीकरण गर्न । |
| अपेक्षित प्रतिफल | क्षयरोगको लागि रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग तथा अन्य फारम छपाई, वितरण र प्रयोग भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | क्षयरोग सेवा उपचार अभिलेख तथा प्रतिवेदन गर्न आवश्यक फाराम तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने यस निर्देशिकाका विभिन्न अनुसूचीहरु फोटोकपी/प्रिन्टिङ गर्नु पर्ने आवश्यकता पहिचान गर्ने उपलव्ध वजेट हेरी प्राथमिकताका आधारमा क्षयरोग कार्यक्रम व्यवस्थापनमा खर्च गर्न सकिनेछ । |
| बजेट बाँडफाँड | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकारले जारी गरेका आर्थिक ऐन नियम, निएमावली अनुसार बजेट रु ३००,००० को परिधीभित्र रही कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रि | सम्बन्धित निर्देशिका तथा टुलहरु । |

६. नेपाल टेलिभिजनवाट एच.आई.भि.,टि.वी सम्वन्धी लाञ्छना तथा भेदभाव र मानव अधिकार सम्वन्धी जनचेतनामुलक संदेश प्रसारण (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.५.२०)

| | |
|---|---|
| **परिचय** | प्रदेश नं.२ का लक्षित तथा आम जनसमुदायमा टि.बी,एच.आई.भी. र यौनरोगको बारेमा जानकारीको कमी हुनुको साथै समुदायमा विद्यमान रहेको लाञ्छाना तथा भेदभावको कारणले उपचार, सल्लाहको लागि स्वास्थ्य संस्था सम्म खुलेर आउने नगरेको हुँदा यो जनचेतनामुल कार्यक्रम तयार पारिएको हो । |
| **उद्देश्य** | - एच.आई.भी,टि.वी. निदान गरिने स्थान तथा औषधी पाईने स्थान लक्षण, सर्ने तरिका तथा उपचार बारे समुदायलाई जानकारी गराउने ।<br>- समयमै रोग निदान गरी नियमित औषधि खाएमा क्षयरोग तथा एच.आई.भी.पूर्ण रुपमा निको हुने कुराको जानकारी गराउने । |
| **अपेक्षित प्रतिफल** | एच.आई.भी र टि.वी.रोगका लक्षणहरु, सर्ने तरिका तथा उपचार पद्धतिबारे आम जनसमुदायमा जानकारी तथा चेतना अभिवृद्धि भई यी रोगहरु सम्बन्धी रहेका लाञ्छना तथा भेदभावहरु न्युनिकरण भएको हुनेछ । |
| **सञ्चालन प्रकृया** | एच.आई.भि.,टि.वी सम्वन्धी लाञ्छना तथा भेदभाव र मानव अधिकार सम्वन्धी जनचेतनामुलक संदेश, एच.आई.भी र टि.वी.रोगका लक्षणहरु, सर्ने तरिका तथा उपचार पद्धतिबारे विभिन्न भाषामा प्रशारण गर्ने टेलिभिजनसंग सम्झौता गरी प्रशारण गर्ने ब्यवस्था मिलाउने र सोको नियमित प्रतिवेदन गर्न लगाइ रेकर्ड राख्ने । |
| **बजेट बाँडफाँड** | **टेलिभिजन प्रशारण वापतः** सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) तथा अन्य प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु.४,००,०००।०० को परिधी भित्र रही कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि कार्यक्रम संचालन गर्ने । |
| **सन्दर्भ सामग्री** | एच.आई.भि.,टि.वी सम्वन्धी लाञ्छना तथा भेदभाव र मानव अधिकार सम्वन्धी सामग्रीहरु । |

७. कुष्ठरोगको बिरामीहरुको जटिलता व्यवस्थापनको लागि सहयोगी सामग्री, शल्यक्रिया तथा उपचार खर्च (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०७)

| | |
|---|---|
| **परिचय** | कुष्ठरोगको निवारण नेपालबाट सन् २०१० मा भएको घोषणा गरिए पनि केही जिल्लाहरुमा यसको प्रकोप कायमै छ । अझ प्रदेश २ मा कुष्ठरोगको भार उच्च जोखिममा रहेको नेपाल सरकारको तथ्याङ्कबाट प्रष्ट हुन्छ । प्रदेश २ का ८ वटै जिल्लामध्ये ७ वटा जिल्लाको रोगको प्रकोप अहिले पनि प्रति दश हजार जनसंख्यामा १ भन्दा बढी रहेको छ । प्रदेश २ भित्र रहेका १०५६ वटा स्वास्थ्य संस्थाहरुबाट कुष्ठरोगका सेवाहरु निरन्तर प्रदानगर्दै आएको छ । तथापी कुष्ठरोगको कारणले उत्पन्न जटिलताको व्यवस्थापन, सहयोगी सामग्री तथा शल्यक्रियाको व्यवस्था स्थानिय स्वास्थ्य संस्थाबाट यथोचित नभएको अवस्थामा प्रदेशमा अवस्थित कुष्ठरोगको बिशिष्ट सेवाप्रदायक (रेफरल अस्पताल) संस्थासंग समन्वय तथा सहयोगमा यस प्रदेश भरिका कुष्ठरोगको बिरामीहरुको जटिलता व्यवस्थापनको लागिको सहयोगी सामग्र, शल्यक्रिया तथा उपचार खर्च गर्न यो कार्यक्रम राखिएको छ। |
| **उद्धेश्य** | - प्रदेश २ भित्रका व्यक्तिहरुमा कुष्ठरोगको पहिचान समय मै गरी उपचार गर्ने तथा थप जोखिम (अपागंता) हुनबाट बचाउने<br>- तथापी कुष्ठरोगको कारणले कुनै किसिमको जटिलता भएमा त्यसता व्यक्तिलाई जटिलताको व्यवस्थापन गर्न, आवश्यकता अनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>- कुष्ठरोगबाट हुन सक्ने अपागंतालाई न्यूनीकरण गरी कुष्ठरोग प्रतिको सामाजिक भेदभाव तथा नकारात्मक धारणालाई परिवर्तन गरी यस प्रदेशबाट कुष्ठरोग निवारण गर्ने |
| **अपेक्षित प्रतिफल** | - कुष्ठरोग प्रतिको सकारात्मक धारणको बिकास भई कुष्ठरोग उन्मूलन गर्ने लक्ष्यलाई सहयोग पुऱ्याउनेछ ।<br>- कुष्ठरोगी वा कुष्ठ प्रभावित व्यक्तिहरुले समयमा बिशेष सेवा पाउनेछन् ।<br>- समयमै उपचार पाउने हुनाले कुष्ठरोगको कारणले हुने अपागंतामा कमी आउनेछन् । |
| **सञ्चालन प्रकृया** | - प्रदेश स्वास्थ्य निर्देशनालय मार्फत यस प्रदेश २ मा बर्षौ देखी कुष्ठरोगको सेवा दिदै आई रहेका संस्था लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रलाईरु पांच लाख प्रदान गरिने छ ।<br>- सो संस्थाले यस प्रदेश भरिका कुष्ठरोगका बिरामीहरुलाई आबश्यक |

| | |
|---|---|
| | कुष्ठरोगसंग सम्बन्धित सेवाहरु जस्तैः उपचार, शल्यक्रिया, सहयोगी सामग्री तथा जटिलताको व्यवस्थापन गर्नु पर्छ |
| **बजेट बाँडफाँड** | - कुष्ठरोगको कारणले उत्पन्न जटिलताको व्यवस्थापन, सहयोगी सामग्री तथा शल्यक्रिया तथा उपचारका लागि लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रलाई रु. ५,००,००० (पाँच लाख) उपलब्ध गराउने । लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रले आर्थिक बर्षमा उक्त संस्थाबाट दिईएको सेवा सुविधाको तथ्याकं राखी सो को प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |
| **सन्दर्भ सामग्री** | कुष्ठरोगसँग सम्बन्धित सामग्रीहरु । |

**८.कुष्ठरोग तथा स्वयं सहायता समूहहरुसित सम्बन्धित अभिलेखहरुको अध्यावधिकरण कार्यक्रम** (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०५)

| | |
|---|---|
| **परिचय** | प्रदेश २ मा कुष्ठरोगको अवस्था, कुष्ठरोगी तथा कुष्ठ प्रभावित व्यक्तिहरुको संख्या, नगरपालिका, गाउँपालिकामा प्रदेश सरकार वा अन्य संघ संस्था मार्फत सञ्चालित स्वयं सहायता समूहहरुको बिवरण तयार गरी सो को अभिलेख स्थानिय नगरपालिका, गाँउपालिकामा, प्रदेश स्वास्थ्य निर्देशनालय तथा सामाजिक बिकास मन्त्रालयमा राख्नको लागि यो कार्यक्रम तयार गरिएको हो । यसले प्रादेशिक सरकारलाई कुष्ठरोग तथा अपागंता सम्बन्धी कार्य योजना बनाउन, अनुगमन गर्न तथा प्रदेश २ बाट कुष्ठरोग निवारण गर्नका लागि सघाऊ पुरयाउने छ । |
| **उद्धेश्य** | - प्रदेश २ भित्रका कुष्ठरोग प्रभावित व्यक्तिहरुको संगठित तथा सञ्चालित स्वयं सहायता समूहहरुको संख्याको अध्यावधिक गर्ने ।<br>- स्वयं सहायता समूह (यसपछिको नाम समूह) मा आबद्ध सदस्यहरु ( कुष्ठ प्रभावित व्यक्ति, अपागंता भएका व्यक्ति, असहाय व्यक्ति तथा हातिपाईले भएका व्यक्तिहरु) को पारिवारिक, सामाजिक तथा आर्थिक अवस्थाको अभिलेखीकरण गर्ने ।<br>- स्थानिय नगरपालिका/गाउपालिकामा सञ्चालित समूहहरुको अभिलेखीकरण गरी सूचीकृत गर्ने र त्यसको अभिभावकत्व प्रदान गर्ने । |
| **अपेक्षित प्रतिफल** | - प्रदेश भित्रका नगरपालिका/गाँउपालिका भित्र सञ्चालित समूहहरुको अध्यावधिक हुनेछन् । |

| | |
|---|---|
| | - स्वयं सहायता समूहहरु स्थानियनिकाय तथा प्रदेश स्वास्थ्य निर्देशनालयको अभिलेखमा अध्यावधिक हुनेछ ।<br>- स्वयं सहायता समूहको संस्थागत रुपमा सूचीकृत भई कुष्ठरोगको कार्यक्रमहरु प्रभावकारी हुनेछ । |
| **सञ्चालन प्रकृया** | **प्रदेश स्तरिय**<br>- जिल्लामा गैर सरकारी संस्थाको रुपमा सञ्चालित स्वयं सहायताहरुबाट ५-५ जनाको पदाधिकारी वा सदस्यहरु संग प्रदेश स्तरिय कार्यक्रम सञ्चालन गर्ने ।<br>- प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा स्वयं सहायता समूहका पदाधिकारी, कुष्ठरोगको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको समन्वयमा प्रदेश भित्रका स्वयं सहायता समूहको अध्यावधी लेखाजोखा गर्ने ।<br>- प्रदेश २ अर्न्तगतका स्वयं सहायता समूहहरुको विवरण तयार गरी सोको सुचीकृत गरी प्रदेश स्वास्थ्य निर्देशनालयमा राख्ने तथा सो को जानकारी सामाजिक बिकास मन्त्रालयमा उपलब्ध गराउने ।<br>**नगरपालिका/गाँउपालिका स्तरिय**<br>- स्वास्थ्य शाखा प्रमुखको रोहबरमा स्थानिय नगरपालिका/गाउपालिकामा सञ्चालित स्वयं सहायता समूहको बैठक बसाउने ।<br>- उक्त समूहको सम्पूर्ण विवरण (जस्तैः सदस्य संख्या, बचत अभिलेख, आयब्यय, नेपाल / प्रदेश सरकार वा संघ संस्थाबाट प्राप्त सहयोग) तयार गरी तथ्याङ्क अध्यावधिक गर्ने ।<br>अध्यावधिक गरिएको तथ्याङ्कको विवरण स्थानिय नगरपालिका/गाउपालिमा सूचीकृत गराई बार्षिक योजनाका लागि सिफारिश गर्ने । कुष्ठरोग तथा स्वयं सहायता समूहहरु सित सम्बन्धित अभिलेख तयार गरी सो को सूचीकृत स्थानिय पालिकामा गराउनु पर्छ र सो को अभिलेख सम्बन्धित पालिकाको स्वास्थ्य संयोजकले राख्नु पर्छ । आफनो पालिकामा भएको अध्यावधिक अभिलेखको प्रतिबेदन प्रदेश स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । यसरी बार्षिक रुपमा प्रदेश स्वास्थ्य निर्देशनालय मार्फत सामाजिक बिकास मन्त्रालयमा सो को प्रतिवेदन पेश गर्नु पर्नेछ । |

| | |
|---|---|
| बजेट बाडफाड | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकारले जारी गरेका आर्थिक ऐन नियम, निएमावली अनुसार खर्च गर्ने । प्रदेश स्तरिय कार्यक्रमको लागि रु. ४५,००० (पैतालिस हजार) तथा नगरपालिका/गाँउपालिका स्तरिय कार्यक्रमको लागि रु. २,५५,००० (दुइ लाख पचपन्न हजार) छुटयाईएको छ । |
| सन्दर्भ सामग्री | कुष्ठरोगसँग सम्बन्धित सामग्रीहरु । |

**९.कुष्ठरोग तथा अपागंता क्षेत्रमा कार्यरत सरोकारवालाहरुको प्रदेश स्तरिय कार्यशाला गोष्ठी (खर्च शिर्षक २२५१२ कार्यक्रम संकेत २.६.६.१६)**

| | |
|---|---|
| परिचय | प्रदेश २ भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट कुष्ठरोगका सेवाहरु निरन्तर प्रदान गर्दै आएको छ । यस प्रदेशमा प्रदेश सरकारका साथसाथै कुष्ठरोग नियन्त्रण गर्न, जनचेतनाको अभिवृद्धि गर्न तथा समाजमा पुनर्स्थापित गर्न कुष्ठरोगका बिशिष्ट अस्पतालका रुपमा लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्र सन् १९९१ देखि अनवरत रुपमा कार्य गर्दै आएको छ । यसका साथै केही समय यता देखि अन्य संस्थाहरु पनि कुष्ठरोगको कार्यमा सहकार्य गर्दै आएको छ । तसर्थ कुष्ठरोग तथा अपागंताको क्षेत्रमा कार्यरत सरोकारवालाहरुको प्रदेश स्तरिय कार्यशाला गोष्ठीको आयोजना गरी प्रदेश २ बाट नेपाल सरकारको लक्ष्य अनुरुप कुष्ठरोग निवारण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्धेश्य | - प्रदेश २ मा कुष्ठरोग तथा अपागंताबाट हुने जोखिम नियन्त्रण गर्न कार्य योजनाको बारेमा छलफल गर्ने ।<br>- कुष्ठरोग तथा अपागंताको क्षेत्रमा उक्त संस्थाहरु संग समन्वय गरी प्रदेशको भारलाई कमगर्न रणनिती तयार गर्ने |
| अपेक्षित प्रतिफल | - कुष्ठरोग तथा अपागंताका अवस्थाका बारेमा अध्यावधिक हुनेछ ।<br>- कुष्ठरोग तथा अपागंता सम्बन्धीकार्य योजना तयार गर्न तथा सो अनुरुप कार्यक्रम सञ्चालन गरी प्रदेश बाट यसको जोखिम कम गर्न सहज हुनेछ । |
| सञ्चालन प्रकृया | - प्रदेश स्वास्थ्य निर्देशनालयले कार्यशाला गोष्ठी आयोजना गर्ने ।<br>- कार्याशाला गोष्ठीमा प्रदेश भित्रका कुष्ठरोग तथा अपागंताको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधीहरु तथा कुष्ठरोग तथा अपागंता भएका व्यक्तिहरुको संगठनहरुको सहभागी गराईनेछ । |

| | |
|---|---|
| **बजेट बाडफाड** | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकारले जारी गरेका आर्थिक ऐन नियम, निएमावली अनुसार खर्च गर्ने । कुष्ठरोग तथा अपागंता क्षेत्रमा कार्यरत संस्थाहरुसंग समन्वयात्मक कार्यशाला गोष्ठी सञ्चालनगर्नका लागि रु १,५०,००० छुटयाईएको छ |
| **अभिलेख तथा प्रतिबेदन** | प्रदेश स्वास्थ्य निर्देशनालयले उक्त कार्याशाला गोष्ठीको अभिलेख राखी सो को प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउने |
| **सन्दर्भ सामग्री** | कुष्ठरोग सँग सम्बन्धित सामग्रीहरु । |

**१०.हात्तिपाईले रोग नियन्त्रणबारे जनचेतनां स्वास्थ्य सन्देश उत्पादन प्रकाशन र छपाई (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.५.२१)**

| | |
|---|---|
| परिचय | हात्तिपाईले रोग सम्बन्धी स्वास्थ्य सन्देश उत्पादन प्रकाशन र छपाइ लक्षित समूह/सहभागी समूहसम्म नेपाली भाषा लगायत स्थानीय भाषाहरुमा स्वास्थ्य शिक्षा सामग्री माध्यमवाट समुदायका मानिसहरुको हात्तिपाईले रोग सम्बन्धी विभिन्न धारणा र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा सामग्रीको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय पत्रपत्रीकाको माध्यमबाट हात्तिपाईले रोगसम्बन्धी सन्देशहरु प्रवाह गरी समुदायका मानिसहरुलाई हात्तिपाईले रोगकाविभिन्न विषयहरुबारे जानकारी गराई उनीहरुको ज्ञान तथा चेतन अभिबृद्धि गरि व्यवहारमा सकारात्मक परिवर्तन गर्न यो कार्यक्रमको आवश्यकता परेको हो । |
| उदेश्य | - स्थानीय भाषाभाषी, चालचलनलाई बिशेष ध्यानमा राखी स्थानीय आवश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्रीहरुबाट आमसमुदायमा हात्तिपाईले रोगसम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाहगर्ने ।<br>- हात्तिपाईले रोग समस्यालाई ध्यानमा राखी त्यसलाई सम्बोधन हुने गरी सन्देशहरु उत्पादन प्रकाशन र छपाइ गर्ने ।<br>- स्वास्थ्य शिक्षा सामग्री मार्फत सन्देश प्रकाशन र छपाइ गरी हात्तिपाईले रोगसम्बन्धी ज्ञान अभिबृद्धि गरि व्यवहारमा सकारात्मक परिवर्तन गर्न र उपल्बध हात्तिपाईले रोग सेवाको अधिकतम उपभोग गर्ने अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | हात्तिपाईले रोग बारे जानकारीमूलक सन्देशहरु प्रकाशन र छपाइभई हात्तिपाईले रोगसम्बन्धी ज्ञान अभिबृद्धि गरि व्यवहारमा सकारात्मक परिवर्तन हुने साथै उपल्बध उपल्बध हात्तिपाईले रोग सेवाको अधिकतम उपभोग हुने । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| संचालन प्रकृया | **सन्देशहरु समावेश गर्ने सकिने विषयहरुः**<br>- प्रदेश एवं स्थानीय स्तरमा देखिएका उपलब्ध हात्तिपाईले रोगको समस्याहरु को आधारमा बिषय छनौट गर्ने ।<br>- सामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशनालयमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा अन्य सरोकारवालाहरु संग कार्यक्रमबारे छलफल गरी प्रदेश तथा स्थानीय आवश्यकताको आधारमा उपल्बध हात्तिपाईले रोगको बिषयवस्तुहरु चयन गर्ने ।<br>**विधिः पूर्वतयारी**<br>- हात्तिपाईले रोगकोबिषयमा सन्देश प्रकाशन र छपाइगर्ने भन्ने सम्बन्धमा समाजिक बिकास मन्त्रालय संग समन्वय गरी गर्ने र गराउने ।<br>- सन्देश प्रकाशन र छपाइ को स्पेशीफिकेशन तयार गर्ने ।<br>- स्पेशीफिकेशन अनुसारको सन्देश प्रकाशन र छपाइ को लागि स्थानिय छपाखाना संग नियमानुसार अघि बढाउने ।<br>**सन्देश प्रकाशन र  छपाइः**<br>- नियमानुसार स्थानीय छपाखाना चयन गरी सम्झौता गर्ने ।<br>- सन्देश स्पष्ट र छोटो र संवादमूलक वा गति वा सूचनामूलक हुनेछ ।<br>- स्वीकृत वार्षिक लक्ष्यअनुसार छपाखाना बाट सन्देश प्रकाशन र छपाइगर्ने ।<br>**सन्देश प्रसारण पश्चात** सन्देश प्रकाशन र  छपाइ गरेको Hard copy वा Electronic copy स्वास्थ्य निर्देशनालयमा दाखिला गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधनसहित) तथा अन्य प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ३००,०००.०० (अक्षरेपी रु तिन लाख मात्रको परिधी भित्र रही) कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | हात्तीपाइले सम्बन्धि उत्पादन गरेका प्रकाशन तथा प्रशारण सामग्रीहरु । |

**११. हात्तिपाईले रोग नियन्त्रण कार्यक्रम अर्न्तगत समिक्षा अभिमुखिकरण गोष्ठी सेमिनार अनुगमन तथा योजना तर्जुमा (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०९)**

| | |
|---|---|
| परिचय | नेपालबाट सन २०३० सम्म हात्तिपाईले रोग निवारण गर्ने लक्ष्य अनुरुप नेपाल तथा प्रदेश सरकार द्धारा सवै हात्तिपाईले रोग प्रभावित जिल्ला तथा स्थानीय तहमा संचालित कार्यक्रमहरु कसरी संचालन भईरहेको छन र कार्यक्रमहरुको प्रगति तथा बिरामीहरुको निदान तथा व्यवास्थापन कसरि गरिएको छ भने बिषयमा छलफल गरी अगामी बर्षहरुमा संचालन हुने कार्यक्रमको प्रभावकरिता बढाउनको लागि यो कार्यक्रम संचालन हुनेछ । |
| उदेश्य | - हात्तिपाईले रोग प्रभावित जिल्ला तथा स्थानीय तहहरुको उक्त रोगहरु संग सम्वन्धित तथ्याङ्क अधावधिक तथा प्रमाणिकरण गर्ने ।<br>- आम औषधी सेवन अभियानलाई प्रभावकारी ढंगबाट संचालन गर्ने ।<br>- जिल्ला तथा स्थानीय तहमा संचालन गरिने कार्यक्रमहरुमा समन्वय, सहकार्य, प्राबिधिक सहयोग तथा सहयोगि अनुगमन हुने । |
| अपेक्षित प्रतिफल | - हात्तिपाईले रोग सम्वन्धि तथ्याङ्कको गुणस्तरता वृद्धि भई निवारणका लागि आवश्यक योजना तर्जुमा गर्ने सहयोग पुग्नेछ ।<br>- राष्ट्रिय हात्तिपाईले रोग निवारण कार्यक्रमको लक्ष्य बमोजिम सन् २०३० सम्म हात्तिपाईले रोगलाई जनस्वास्थ्य समस्याका रुपमा रहन नदिन रोगको प्रीभालेन्स एक प्रतिशत भन्दा तल ल्याउने । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | **क)** प्रभावित जिल्ला तथा स्थानीय तहहरु बाट प्राप्त भएका एकमुष्ट तथ्याङ्क तथा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीद्धारा उपलब्ध गराइएको तथ्याङ्क प्रमाणीकरण गर्नुपर्नेछ । साथै हात्तिपाईले रोग निवारण सम्बन्धी राष्ट्रिय स्तरको नीति, योजना र रणनीतिक योजना समेत छलफल गर्नुपर्नेछ । सहभागीहरुको हकमा बजेटको परिधि भित्र रहि प्रदेश मातहतका स्वास्थ्य कार्यालयहरुबाट कार्यलय प्रमुख, कार्यक्रम फोकल पर्सन, तथ्याङ्क शाखा, अस्पतालका प्रमुख, मेडिकल रेकर्डर, सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि हुनेछन । सहजकर्ताका रुपमा समाजिक विकास मन्त्रालयका स्वास्थ्य शाखा प्रमुख, कार्यक्रम अधिकृत र स्वास्थ्य निर्देशनालयका निर्देशक, फोकल पर्सन, तथ्याङ्क अधिकृत हुनेछन । समिक्षामा आमन्त्रीत समाजिक विकास मन्त्रालयबाट मा. मन्त्री र सचिव ज्यू तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट निर्देशक, कार्यक्रम अधिकृत र तथ्याङ्क अधिकृत पनि सहभागी हुनेछन । |

| | |
|---|---|
| | **ख)**आम औषधी सेवन अभियान संचालन हुनु पुर्व प्रदेश स्तरमा संचालन गरिने योजना तर्जुमा गोष्ठी संचालन गर्ने जिल्ला तथा स्थानीय स्तरमा बिभिन्न गतिविधिहरु के कसरि संचालन भईरहेका छन तथा आवश्यक सामग्रीहरुको उपलब्धता छ वा छैन, आम औषधी सेवन अभियान संचालन भईरहेको समयमा लक्षित बंग सम्म औषधीको पहुच पुगे नपुगेको सुनिश्चताका लागि साथै मर्बिडिटि म्यापिङ कार्यक्रम हुने जिल्लाहरु र नि:शुल्क हाईड्रोशिल सर्जरीका कार्यक्रम रऐका अस्पतालहरुमा समेथ अपेक्षित प्रतिफल हासिल गर्नका लागि अनुगमन तथा सुपरभिजन गर्न सकिनेछ। |
| बजेट बाँटफाँड | स्वीकृत बजेटको सिमाभित्र रहि प्रदेश सरकारले जारी गरेका आर्थिक ऐन नियम, निएमावली अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामाग्रीहरु | हातिपाईले रोग निवारण कार्यक्रम संचालन निर्देशिका, २०७५ |

**१२. डेंगु सचेतना अभिमुखिकरण कार्यक्रम (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४१०)**

| | |
|---|---|
| परिचय | प्रदेशमा संक्रमित लामखुट्टेको टोकाईका कारण एक व्यक्तिबाट अर्कोमा सर्ने डेंगु रोग हरेक बर्ष प्रदेशका बिभिन्न जिल्लाहरुमा देखा पर्ने गरेको छ । यो अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम डेंगु रोगी वारम्वार भेटिएका तथा नयाँ रोगी भेटिएका स्थानहरु र अन्य कीटजन्य रोगहरु भेटिएका स्थानहरुमा सो रोग नियन्त्रण सम्बन्धमा स्थानीय स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल,स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला स्वास्थ्य स्वयंसेविका, पत्रकारहरुको समेत सहभागीतामा कार्यक्रम संचालन गर्नु पर्ने छ। |
| उदेश्य | स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल,स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला स्वास्थ्य स्वयंसेविका, पत्रकारहरु लाई डेंगु रोगको वारेमा ज्ञान र सिपको विकास भई रोगको प्रकोप दरमा कमि ल्याउन सकिनेछ। |
| अपेक्षित प्रतिफल | - डेंगु को नयाँ बिरामी दरमा कमी आएको हुनेछ।<br>- डेंगु लगाएत अन्य महामारी नियन्त्रणमा सहयोग भएको हुनेछ। |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | - प्रदेशभित्रका स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल,स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला |

| | |
|---|---|
| | स्वास्थ्य स्वयंसेविका, नागरिक समाज, प्रहरी, सेना, पत्रकारहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>- यो कार्यक्रम डेगुं प्रभावित तथा जोखिम क्षेत्रहरुमा संचालन गरिने । |
| बजेट बाँटफाँड | स्वास्थ्यकर्मी र अन्य सरोकारवालाहरुसंगको अभिमुखिकरण कार्यक्रमका लागि प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम बजेट बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्ने छ । प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ५००,०००.०० (अक्षरेपी रु पाँच लाख मात्रको परिधी भित्र रही) कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | - National guideline on integrated vector management, 2020<br>- National guideline on prevention, management and control of Dengue, 2019 |

**१२. कार्यक्रमको नाम: डेंगु भेक्टरको खोज तथा नष्ट गर्ने कार्यक्रम (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४११)**

| | |
|---|---|
| परिचय | नेपालमा संक्रमित लामखुट्टेको टोकाईका कारण एक व्यक्तिबाट अर्कोमा सर्ने डेंगु रोग हरेक बर्ष प्रदेशका बिभिन्न जिल्लाहरुमा देखा पर्ने गरेको छ । रोग लागिसकेपछि उपचार र व्यवस्थापन गर्नुभन्दा यो रोग लाग्न नदिनका लागि लामखुट्टेको टोकाईबाट बच्नु यो रोग सार्ने लामखुट्टेको बृद्धी र विकासलाई रोक्नका लागि लामखुट्टेको बासस्थान खोजी गरि लार्भा नष्ट गर्न सकेमा रोगको महामारीलाई रोकथाम गर्न सकिन्छ । |
| उदेश्य | प्रदेशले डेंगुको जोखिम भएका जिल्ला, स्थानीय तहको सम्भावित स्थानहरुमा लामखुट्टेको वासस्थान नस्ट गर्ने अभियानसंचलान गर्नुपर्नेछ । |
| अपेक्षित प्रतिफल | • डेंगु को नयाँ बिरामी दरमा कमी हुनु ।<br>• डेंगु लगाएत किटजन्य रोगहरु सर्ने प्रक्रियामा कमि ल्याई रोगको प्रकोप दरमा कमि ल्याउन सकिनेछ । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | **कार्यक्रम संचालन हुने स्थान:** डेंगुज्वरोको रोगी वारम्वार भेटिएका,संम्भावित तथा नयाँ स्थानहरु ।<br>• प्रदेश स्तरीय सरोकारवालाहरुको १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• कम्तीमा दुई देखि चार दिन सम्म कार्यालय प्रमुख/ |

| | |
|---|---|
| | न.पा.प्रमुख/गा.पा. प्रमुखको नेतृत्वमा स्थानीय स्तरका महिला स्वास्थ्य स्वयंसेवीका, टोलसुधार समितीका प्रतिनिधि, सम्वन्धित वडाका वडा अध्यक्ष, नागरिक समाज, प्रहरी, सेना, व्यापारिक संघ/संस्था राजनितिक दल, पत्रकार समेतको सहभागितामा डेंगु रोग सार्ने लामखुट्टेको वासस्थान खोजी गरि लार्भा, प्युपा नष्ट गर्ने अभियान संचालन गर्नु पर्नेछ ।<br>**लार्भा नष्ट गर्दा गर्नु पर्ने कार्यहरु:**<br>वासस्थान पता लगाउने :टायर, गमला, ओभरहेड टयाँङ्की, एसि, कुलर, वोतल तथा साना साना भाडाहरुमा जम्मा भएको पानी फाल्ने ।<br>वासस्थान नष्ट गर्ने :लामखुट्टेको वृद्धि र विकासलाई रोक्न घर वरिपरि रहेका खाल्डाखुल्डी पुर्ने लगायत प्रभावित र संम्भावित स्थानका समुदायलाई वच्ने उपायहरुका वारेमा जानकारी गराउने ।<br>डेंगु बाट प्रभाबित प्रदेश का जिल्ला, गा.पालिका./न.पालिका र वडाहरु जहाँएक वा एक भन्दा बढी डेंगुका बिरामीहरु भएका तथा विगत वर्षहरुमा डेंगु का रोगी भेटिएका र नयाँ रोगी आउन सक्ने संभावना भएका वडा वा टोलहरुमा प्रदेशका प्रभावित क्षेत्रका सरकारी तथा गैरसरकारी संघ संस्थासंग समन्वय गरी लार्भा तथा लामखुटे बास खोजी नष्ट गर्ने कार्यक्रम संचालन गर्न सकिनेछ |
| बजेट बाँटफाँड | स्वास्थ्यकर्मी र अन्य सरोकारवालाहरुसंगको अभिमुखिकरण कार्यक्मका लागि प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम बजेट बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्ने छ । प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ५००,०००.०० (अक्षरेपी रु पाँच लाख मात्रको परिधी भित्र रही) कार्यक्मको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दभसामाग्रीहरु | National guideline on integrated vector management, 2020<br>National guideline on prevention, management and control of Dengue, 2019 |

१३. कालाजार **outbreak response** कार्यक्रम (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४१५)

| | |
|---|---|
| परिचय | कालाजारबाट प्रभाबित जिल्ला, गा.पालिका./न.पालिका र वडाहरु जहाँएक भन्दा बढी कालाजारका स्थानीय बिरामीहरु भेटिएका र नयाँ रोगी आउन सक्ने संभावना भएका वडा वा टोलहरुमा रहेका स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेवीका लाई कालाजार सम्बन्धी अभिमुखिकरणकार्यक्रम संचालन गर्नु पर्दछ। |
| उदेश्य | वडाहरु जहाँ एक भन्दा बढी कालाजारका स्थानीय बिरामीहरु भएका तथा विगत वर्षहरुमा कालाजार रोगी भेटिएका र नयाँ रोगी आउन सक्ने संभावना भएका जिल्ला, गा.पालिका./न.पालिका, वडा वा टोलहरुमा रहेका स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेवीका लाई कालाजार सम्बन्धी अभिमुखिकरण, active case detection, early diagnosis and treatment. |
| अपेक्षित प्रतिफल | • कालाजारको नयाँ बिरामी दरमा कमी हुनु।<br>• कालाजारको महामारी नियन्त्रणमा सहयोग भएको हुनेछ।<br>• कालाजार निवारण कार्यक्रम, २०२४ मा सहयोग पुग्नेछ। |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | • कालाजार रोगसम्बन्धी जिल्ला स्तरीय १ दिने अभिमुखिकरण कार्यक्रम गर्ने । अभिमुखिकरण कार्यक्रममा सहभागीहरु जिल्ला भित्रका गा.पालिका./न.पालिकाहरु बाट स्वास्थ्य शाखा प्रमुख वा उप प्रमुख मध्ये एक जना तथा स्वास्थ्य कार्यालय, अस्पताल र निर्देनालय वाट बजेट को परिधी भित्र रहि सहभागी गराउने।<br>• कालाजार रोगसम्बन्धी पालिकास्तरीय १ दिने अभिमुखिकरण कार्यक्रम गर्ने । कालाजार रोगी भेटिएका सम्बन्धीत वडा वा टोलमा रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरु लाई १ दिने अभिमुखिकरण कार्यक्रम गर्ने। |

| | |
|---|---|
| | • कालाजार सक्रिय केस निगरानीका लागि कार्यबिधि अनुसार कालाजारका नयाँ बिरामी निदान भएका स्थानहरुमा अन्य व्यक्तिहरुमा समेत यो रोग सर्न सक्ने सम्भावना भएकोले सभावित कालाजार बिरामीहरुको खोज पड्ताल गर्ने । |
| बजेट बाँटफाँड | प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ३००,०००.०० (अक्षरेपी रु तिन लाख मात्रको परिधी भित्र रही) कार्यकमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | National guideline on kala-azar elimination program, 2019 (updated)<br>कालाजार सक्रिय केस निगरानीका लागि कार्यबिधि ।<br>National guideline on integrated vector management, 2020 |

१४. मलेरिया **case based surveillance** कार्यकम (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४१७)

| | |
|---|---|
| परिचय | नेपालमा जनस्वास्थ्यको समस्याको रुपमा औलो रोग रहदै आएको छ । राष्टिय लक्ष्यअनुसार सन् २०२५ सम्ममा मलेरिया निवारणमा गर्न सहयोग पुर्‍याउन औलोबाट प्रभाबित गा.पा./न.पा र वडाहरु जहाँएक वा एक भन्दा बढी औलोका स्थानीय बिरामीहरु भएका तथा विगत वर्षहरुमा औलो रोगी भेटिएका र नयाँ रोगी आउन सक्ने संभावना भएका वडा वा टोलहरुमा योजना तयार तथा case based serveillance गर्न यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | - औलोको नयाँ बिरामीहरु पत्ता लाग्नेछन् ।<br>- स्थानीय जनसमुदायमा औलो रोग वारे जनचेतना अभिबृद्धि हुनेछ । |
| अपेक्षित प्रतिफल | - केसबेस सर्भिलेन्सवाट थप औलोको नयाँ बिरामी पता लागि समयमा नै उपचार हुनेछ ।<br>- कार्यकमले औलो निवारणमा सहयोग पुग्नेछ । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | • प्रभावित तथा जोखिम क्षेत्रलाई मध्यनजर गरी प्रदेश अन्तर्गतका स्वास्थ्य कार्यालयहरुसँग समन्वय गरि औलो रोगको केसबेस सर्भिलेन्स गर्नु पर्नेछ । |

| | |
|---|---|
| | ● औलोको केसबेस सर्भिलेन्समा खटिने कर्मचारीहरुमा इन्टोमोलोजिष्ट १ जना, इन्सेक्ट कलेक्टर १ जना, भे.क.नि. १ जना र भे.क.सु. वा म.ई. मध्ये १ जना रहने छन र आवश्यकता अनुसार व्यवस्थापकले अन्य स्वास्थ्यकर्मीहरु समेत खटाउन सक्नेछन । अवश्यकता अनुसार औलो रोग सार्ने भेक्टर सर्भे तथा अनुसन्धान गर्ने सक्नेछ । यस कार्यमा खटिने कर्मचारहिरु सम्वन्धित विषयमा जानकार भएको हुनु पर्नेछ । खटिएका कर्मचारीबाट केसको खोज पड्ताल फाराम अधावधिक गर्नुपर्नेछ ।<br>● कार्यक्रमा स्थानीय महिला स्वास्थ्य स्वयंसेविका र सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख वा पालिकाको स्वास्थ्य शाखा प्रमुखलाई पनि परिचालन गरि नियमानुसार भुक्तानी गर्नु पर्दछ ।<br>● यस अन्तरगत गरिने सर्भे तथा अनुसन्धान कार्यक्रम निर्देशकको सुपरिवेक्षणमा हुनेछ । यस सर्भे तथा अनुसन्धानक कार्यको लागि निर्देशनालयले आवश्यकता अनुसार वजेटको परिधि भित्र रहि नियमानुसार गाडि समेत भाडामा लिई कार्य सम्पन्न गर्न सकिनेछ ।<br>● थप रोगी खोजपड्तालका लागि पहिलो औलो रागी भेटिएको घर तथा स्थानलाई आधार मानी क्लस्टर वार्ड गाँउ बस्तीहरुमा कम्तीमा २५ देखि ५० घर सर्भे गरि कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| बजेट बाँटफाँड | प्रभावित तथा जोखिम क्षेत्रहरुमा अभिमुखीकरण, भेक्टर कलेक्सन एवं डेशिमिनेशन किट तथा झुल खरिद तथा निगरानी कार्यमा आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ९००,०००.०० (अक्षरेपी रु नौं लाख मात्रको परिधी भित्र रही) कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | - राष्ट्रिय औलो उपचारत्मक प्रोटोकल, २०१९<br>- राष्ट्रिय औला निगरानी निर्देशिका, २०१९ |

## १५. औलोरोग नियन्त्रणको लागि पालिकास्तरीय अभिमुखिकरण कार्यक्रम (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४१६)

| | |
|---|---|
| परिचय | प्रदेशमा संक्रमित लामखुट्टेको टोकाईका कारण एक व्यक्तिबाट अर्कोमा सर्ने औलो रोग हरेक बर्ष प्रदेशका बिभिन्न पालिकाहरुमा देखा पर्ने गरेको छ । यो अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम औलो रोगी वारम्वार भेटिएका तथा नयाँ रोगी भेटिएका स्थानहरु र अन्य कीटजन्य रोगहरु भेटिएका स्थानहरुमा सो रोग नियन्त्रण सम्बन्धमा स्थानीय स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल, स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला स्वास्थ्य स्वयंसेविका, पत्रकारहरुको समेत सहभागीतामा कार्यक्रम संचालन गर्न यो कार्यक्रम राखिएको छ । |

| | |
|---|---|
| उदेश्य | स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल, स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला स्वास्थ्य स्वयंसेविका, पत्रकारहरु लाई औलो रोगको वारेमा ज्ञान र सिपको विकास भई रोगको प्रकोप दरमा कमि ल्याउन सकिनेछ । |
| अपेक्षित प्रतिफल | - औलोको नयाँ बिरामी दरमा कमी हुनेछ ।<br>- औलो रोग निवारणमा सहयोग भएको हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | - औलो रोगी वारम्वार भेटिएका तथा नयाँ रोगी भेटिएका स्थानहरु र अन्य कीटजन्य रोगहरु भेटिएका स्थानहरुको पहिचान गर्नुपर्नेछ<br>- प्रदेश अर्न्तगतका पालिकाहरुभित्रकास्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल,स्थानीय समाजसेवी, स्वयंम सेवक, महिला स्वास्थ्य स्वयंसेविका, नागरिक समाज, प्रहरी, सेना, पत्रकारहरुलाई २ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । |
| बजेट बाँटफाँड | स्वास्थ्यकर्मी र अन्य सरोकारवालाहरुसंगको अभिमुखिकरण कार्यकमका लागि प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम बजेट बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्ने छ । आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ५००,०००.०० (अक्षरेपी रु पाँच लाख मात्रको परिधी भित्र रही) कार्यकमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | राष्ट्रिय औलो उपचारत्मक प्रोटोकल, २०१९<br>राष्ट्रिय औला निगरानी निर्देशिका, २०१९ |

## १६.माहामारी फैलिएको अवस्थामा सो नियन्त्रण कार्यमा संलग्न कर्मचारीलाई संचार र कर्मचारी परिचालन खर्च (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४१९)

| | |
|---|---|
| परिचय | प्रदेश भित्रका माहामारी नियन्त्रण गर्नको लागि आवशयक कर्मचारी ( स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी) अभाव भएको खण्डमा स्वास्थ्य निर्देशनालयवाट कर्माचारी परिचालन गर्न यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | प्रचालित स्वास्थ्यकर्मीवाट प्रभावित स्थानहरुमा यथासक्य छिटो नियन्त्रण तथा रोकथाम कार्यहरु गर्न सकिने छ । |
| अपेक्षित प्रतिफल | माहामारी नियन्त्रण तथा  रोकथाममा सहयोग पुग्नेछ । |
| कार्यन्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| संचालन प्रकृया | - प्रदेश एवं स्थानीय स्तरमा देखिएका प्रमुख माहामारी तथा सरुवारोगको समस्याहरु जस्तै: Morbidity and Mortality को आधारमा स्वास्थ्यकर्मी परिचालन गर्ने ।<br>- विभिन्न महामारीजन्य रोगहरु जस्तै: औलो, COVID-19, कालाजार, डेंगु लगायत अन्य किटजन्य रोगबाट हुने महामारीको अवस्थामा स्वास्थ्यकर्मीहरुको परिचालन तथा औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्ने ।<br>- प्रदेश स्वास्थ्य निर्देशनालयमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा अन्य सरोकारवालाहरु संग छलफल गरी प्रदेश तथा स्थानीय आवश्यकताको आधारमा महामारी तथा सरुवारोगकोनियन्त्रण तथा रोकथामको लागि स्वास्थ्यकर्मी परिचालन गरिने छ ।<br>- तथ्याङ्क विलेषण गरेपछि देखिएका माहामारी तथा सरुवारोग समस्याहरुको प्रथमिकता सूची तयार गर्ने । |
| बजेट बाँटफाँड | स्वास्थ्यकर्मीहरुको परिचालन तथा औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्न प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम बजेट बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्ने छ। प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ५००,०००.०० (अक्षरेपी रु पाँच लाख मात्रको परिधी भित्र रही) कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | महामारीसँग सम्बन्धि सामग्रीहरु तथा आर्थिक ऐन तथा नियमहरु । |

**१७. माहामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत जनचेतना स्वास्थ्य संदेश उत्पादन (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४२०)**

| | |
|---|---|
| परिचय | समुदायमा माहामारी रोग नियन्त्रण सम्बन्धी स्वास्थ्य सन्देश लक्षित समूह/सहभागी समूहसम्म नेपाली भाषा लगायत स्थानीय भाषाहरुमा स्वास्थ्य शिक्षा सामग्री माध्यमवाट समुदायका मानिसहरुको माहामारी रोग नियन्त्रण सम्बन्धी विभिन्न धारणा र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा सामग्रीको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय पत्र पत्रीकाको माध्यमबाट माहामारी रोग सम्बन्धी सन्देशहरु प्रवाह गरी समुदायका मानिसहरुलाई माहामारी रोगका विभिन्न विषयहरुबार् जानकारी गराई उनीहरुको ज्ञान तथा चेतन अभिबृद्धि गरि व्यवहारमा सकारात्मक परिवर्तन गर्न सकिन्छ । त्यसैले यो कार्यक्रमको आवश्यकता परेको हो । |
| उदेश्य | - स्थानीय भाषाभाषी, चालचलनलाई बिशेष ध्यानमा राखी स्थानीय आवश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्रीहरुबाट आमसमुदायमा |

| | |
|---|---|
| | माहामारी रोगसम्बन्धी जानकारीमूलक सन्देशहरु उत्पादन प्रकाशन र छपाइ गर्ने ।प्रवाह गर्ने ।<br>- माहामारी रोगसम्बन्धी ज्ञान अभिबृद्धि गरि व्यवहारमा सकारात्मक परिवर्तन गर्न र उपल्बध माहामारी रोग सेवाको अधिकतम उपभोग गर्ने अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | माहामारी नियन्त्रण तथा रोकथाममा सहयोग पुग्नेछ । |
| संचालन प्रकृया | - प्रदेश एवं स्थानीय स्तरमा देखिएका प्रमुख माहामारीरोगहरुको समस्याहरु जस्तै: Morbidity and Mortality को आधारमा बिषय छनौट गर्ने । माहामारी रोग सम्बन्धी विभिन्न बिषयहरु जस्तै:औलो, कालाजार, डेंगु लगायत अन्य किटजन्य रोगको नि: शुलक सेवा बिषयवस्तुहरु आदि ।<br>- मौसम अनुसार देखापर्ने गरेका माहामारी रोगको प्रकोपहरुको तथ्याङ्क केलाउने । तथ्याङ्क विलेषण गरेपछि देखिएका माहामारी रोग समस्याहरुको प्रथमिकता सूची तयार गर्ने ।<br>- सन्देश छपाईको स्पेशीफिकेशन तयार गर्ने ।<br>- स्पेशीफिकेशन अनुसारको सन्देश प्रकाशन र छपाई को लागि स्थानिय छपाखाना संग नियमानुसार छपाइ प्रकृया अधि बढाउने ।<br>**सन्देश उत्पादन पश्चात:**<br>- सन्देश प्रकाशन र छपाई गरेको Hard copy वा Electronic copy समाजिक मन्त्रालय, स्वास्थ्य निर्देशनालयमा दाखिला गर्ने । |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधनसहित) तथा अन्य प्रचलित आर्थिक ऐन नियम बमोजिम आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट रु ५००,०००.०० (अक्षरेपी रु पाँच लाख म मात्रको परिधी भित्र रही) कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखि खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | महामारीसँग सम्बन्धि सामग्रीहरु तथा आर्थिक ऐन तथा नियमहरु । |

**१८.प्रदेश स्तरिय खोप समन्वय समितिको गठन तथा बैठक दुई पटक** (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.३९८)

| | |
|---|---|
| परिचय | राष्ट्रिय खोपकार्यक्रम अर्न्तगतविभिन्न १२ प्रकारका सर्ने रोग विरुद्ध बालबालिकाहरुलाई खोप प्रदान गरिन्छ । खोप सेवाको प्रभावकारी व्यवस्थापन र संचालन गरी बालबालिकाहरुलाई खोप दिने र लिने कार्यलाई विशेष व्यवस्था गर्न खोप ऐन २०७२ जारी गरेको छ । |

| | |
|---|---|
| | स्थानीय स्तरबाटै खोप सेवाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपनत्व र नेतृत्वप्रदानगरि पूर्णखोप सेवाउपलब्ध गराई पूर्णखोप वडा/पालिका/जिल्ला र प्रदेश पूर्णखोप सुनिश्चितगर्ने अवधारणा ल्याइएको हो । स्थानीयनिकायको प्रत्यक्ष संलग्नता, अपनत्व र यसको निरन्तरता तथा प्रदेश सरकार नेतृत्वबाट नै पूर्णखोपको सुनिश्चितता सम्भव र दिगोहुने छ । |
| उदेश्य | पूर्णखोप जिल्ला घोषणा गर्ने प्रस्तावित जिल्लाको स्थलगत अनुगमन गरि प्रतिवेदन र संलग्न प्रमाणहरुलाई समीक्षा गरी पूर्णखोप जिल्ला घोषणा गर्ने अनुमति दिने, प्रमाणिकरण गर्ने |
| अपेक्षित प्रतिफल | सम्पूर्ण जिल्लाहरु पूर्णखोप सुनिश्चितता घोषणा र दिगोपनामा प्रभावकारिता हुने |
| संचालन प्रकृया | प्रदेश सरकारले गठन गरेको प्रादेशिक खोप समन्वय समितीको बैठक आवश्यकतानुसार संचालन गरी खोप सम्बन्धी प्रगतिको बारेमा जानकारी लिने तथा आवश्यक निर्देशन दिने ।<br>- पूर्णखोप कार्यक्रम संचालनको लागि प्रदेश स्तरमा योजना तयार गर्ने<br>- प्रदेश स्तरमाअन्तरनिकाय/मन्त्रालय र सरोकारवालाहरु संग समन्यव गर्ने<br>- प्रदेश स्तरमा खोप कार्यक्रमको अवस्थाको समिक्षा,पूर्णखोप कार्यक्रमको उपलब्धी तथा विभिन्न निकायको भूमिका समिक्षा गरी आबश्यक सुझाव र निर्देशन दिने<br>- आवश्यकता अनुसार बैठक बस्ने र बैठकबाट भएका निर्णयहरुलाई सम्बन्धित मन्त्रालय/निकाय मार्फत कार्यान्वयनको लागि परिपत्र गर्ने<br>- अन्तरमन्त्रालय तथा साझेदारहरु बीच सहजीकरण, समन्वय तथा बाधा अड्चनहरु निवारण गर्ने<br>- पूर्णखोप जिल्ला घोषणा गर्ने प्रस्तावित जिल्लाको स्थलगत अनुगमन गरि प्रतिवेदन र संलग्न प्रमाणहरुलाई समीक्षा गरी पूर्णखोप जिल्ला घोषणा गर्ने अनुमति दिने, प्रमाणिकरण गर्ने<br>- पूर्णखोप सुनिश्चितता निरन्तरता र दिगोपनका लागि प्रदेश स्तरीय योजना तर्जुमा, नीति निर्माण तथा आवश्यक श्रोतको पहिचान तथा परिचालन गर्ने |
| बजेट बाँटफाँड | बजेटको परिधिभित्र रही नियमानुसार बैठक संचालन गर्न खर्च गर्ने । |
| सन्दर्भ सामाग्रीहरु | पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) |

**१९. चिकित्सक तथा नर्सिङ कर्मचारीका लागि क्लिनिकल अपडेट, सुरक्षित गर्भपतन र अल्ट्रासाउण्ड तालिम** (खर्च शिर्षक २२५११ कार्यक्रम संकेत २.६.१.४१)

१९.(क) क्लिनिकल अपडेट (गर्भावस्था देखि सुत्केरी अवस्था सम्म सेवा निरन्तरता (Continuum of care – ANC to PNC) को लागि सेवा प्रदायकहरुलाई अभिमुखीकरण

| | |
|---|---|
| परिचय | नेपालमाआमा तथा नवाजातशिशुको मृत्युलाई उल्लेखनीय रुपमा घटाई दिगो विकाश लक्ष्य (मातृ मृत्यु ७० प्रति लाख जीवित जन्ममा र नवजात शिशु मृत्यु १२ प्रति हजार जीवित जन्म पुर्याउन )हासिल गर्न, मातृ तथा नवशिशु स्वास्थाय सेवा गुणस्तरीय बनाउन र प्रदान गर्न अपरिहार्य भएको छ । साथै, SMNH road map २०३० ले आमा तथा नवजात शिशुको स्वस्थ जीवनलाई सुनिस्चित गर्ने दिगो विकाश लक्ष्यलाई आधारमा आफ्नो लक्ष्य लिएको छ । कम्तिमा गर्भावस्था देखि लिएर प्रसुती र सुत्केरी अवास्था सम्म (ANC to PNC contionuum of care ) गुणस्तरी सेवा प्रदान गर्न सकेमा मात्र दिगो बिकाश लाक्ष हासिल गर्न टेवा पुग्नेछ । प्रसुती जटिलता व्यवस्थापन गर्न दक्ष प्रसुतीकर्मीको भुमिका महत्वपुर्ण छ तर प्रसती जटिलता व्यवस्थापन मात्रले सेवा र गुणस्तर सुनिस्चिता गर्न सकिदैन साथै सिप विकाशको लागि पनि समय समयमा दक्ष प्रशुतिकर्मीहरुलाई update गर्न आवश्यक रहेका हँदा दक्षप्रतीकर्मीले उपलब्ध गराउने दक्ष प्रसुती सेवाहरु साथै अन्य सेवाहरु सम्बन्धि MNH सेवा प्रदायकहरु क्षमता अभिबृदि गर्न ANC to PNC continuum of careनिर्देशिका अनृसार मातृ तथा नवजात शिशृ स्वास्थ्य (MNH) सेवा सम्बन्धि सेवा प्रदायक हरुलाई अभिमृखिकरण गर्न "चिकित्सक तथा नर्सिङ कर्मचारीका लागि क्लिनिकल अपडेट, सुरक्षित गर्भपतन र अल्ट्रासाउण्ड तालिम" को रुपमा राखेको छ । |
| उदेश्य | स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय ANC to PNC continuum of careसेवा सुनिश्चित गर्नको लागि नसिङ्ग कर्मचारिहरुको क्षमता अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ्ग कर्मचारिहरुको ANC to PNC continuumof careसेवा प्रदान गर्ने क्षमता अभिबृद्धि भई ANC to PNC continuum of careसेवा सूनिश्चित गरिएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| सञ्चालन प्रकृया | मुख्य कृयाकलाप<br>गुणस्तरीय ANC to PNC continuum of careर SMNH road map२०३० सम्बन्धि बिषयबस्तुहरू समेटी सेवा प्रदायकहरुलाई २ दिने अभिमुखीकरण गर्नु पर्नेछ । यसका लागी फोकल व्यक्ति स्वास्थ्य निर्देशनालयका हुनेछन ।<br>स्वास्थ्य निर्देशनालयले बजेट बिनियोजन गरिएको जिल्ला अन्तर्गतका स्वास्थ्य संस्थाका नर्सिङ्ग कर्मचारीहरुलाइ सहभागी गराइ गुणस्तरीयANC to PNC continuum of care सम्बन्धि निर्देशिका, SBA reference manual, SMNH roadmap र घरभेट कार्यक्रमको मार्गदर्शन आधारमा गुणस्तरीयANC to PNC continuum of careसम्बन्धि अभिमुखीकरण गर्नु पर्ने छ । सहभागी नर्सिङ्ग कर्मचारीहरुको छनौट गर्दा स्वास्थ्य संस्थामा SBA Onsite mentoring coaching कार्यक्रमा सहभागी हुननपाएका स्टाफहरुलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेछ । अभीमुखीकरण प्रक्रिया ANC to PNC continuum of careसम्बन्धि मार्गदर्शनको अनुसूचीमा उल्लेखित गरिएको २ दिने कार्यतालिकाको आधारमा गर्नु पर्ने छ । |
| बजेट बाडफाड | यो कार्य सम्पन्न गर्नका लागि विनियोजित बजेट रकम रु. ४०,००,००० /– व्यवस्था गरेको छ । उक्त विनियोजित बजेटबाट क्लिनिकल अपडेटको लागि रु. १५,००,००० रकम छुटयाएर कार्यक्रम सहभागी भता, श्रोत व्यक्ति, स्टेशनरि, खाजा आदि शिर्षकहरुमा अनुमानित बांडफांड गरी प्रचलित कानून, नियम तथा मापडण्ड मुताविक कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिनेछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन गरिसकेपछि यसको अभिलेख स्वास्थ्य निर्देशनालय कार्यालयमा दुरुस्त राख्ने र भए नभएको अनुगमन र समिक्षा HMIS को तथ्याँक अनुसार सुधार गर्ने, स्वास्थ्य संस्थागत निरन्तर सम्बाद र प्राबिधिक सहयोग गर्ने । |
| सन्दर्भ सामाग्री | - ANC to PNC continuum of care सम्बन्धि निर्देशिका,<br>- SBA reference manual,<br>- SMNH road map 2030<br>- PNC घरभेट कार्यक्रमको मार्गदर्शन २०७६ , कार्यक्रम संचालन निर्देशिका २०७७ |

## १९(ख) सुरक्षित गर्भपतन तालीम SAS (चिकित्सक, नर्सिंङ्ग अधिकृत/स्टाफ नर्सलाई)

| | |
|---|---|
| परिचय | सुरक्षित गर्भपतन सेवा प्रजजन स्वास्थ्यको एउटा महत्वपूर्ण भाग हो र महिलाको प्रजजन अधिकार पनि हो । नेपालको संविधानले प्रजजन स्वास्थ्यलाई महिलाको मौलिक हकको रुपमा अङ्खिकार गरेको छ । सुरक्षित गर्भपतन सेवालाइ नेपालमा सन् २००२ मा कानुनि मान्यता प्राप्त गरि सन् २००४ मा परोपकार स्त्री रोग तथा प्रसुती गृह अस्पताल, थापाथलीबाट सुरु गरेको हो ।स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक र स्टाफ नर्सहरुलाई सुरक्षित गर्भपतन निर्देशिकाले तोके अनुसार सुरक्षित गर्भपतन गर्न दक्षता हासिल गराउन यो तालीमको व्यवस्था गरिएको छ । |
| उदेश्य | चिकित्सक तथा नर्सिंङ्ग अधिकृत/स्टार नसहरुलाई तालीम प्रदान गरी असुरक्षित गर्भपतन हनुबाट कम वा रोकी महिलाको ज्यान जोखिममा कमी ल्याउनु यो कार्यक्रमको उदेश्य रहेको छ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रकृया | • कार्यालयले तोकेको कर्मचारीले आवश्यक समन्वय गरी सहभागी छनौट गर्ने र त्रैमासिक लक्ष्य तथा विनियोजित बजेट रु. १५, ००, ००० को परिधिमा रही खर्चको बाडफाँड टिप्पणी निर्देशकबाट स्वीकृत गराई सरोकारवालाहरुको सहभागीतमा मापदण्ड अनुसारको सहभागी तथा प्रशिक्षकहरुको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन तथा नियमानुसार समयमा सम्पन्न गर्नु पर्नेछ ।<br>• सुरक्षित गर्भपतन तालीमको प्रशिक्षक प्रशिक्षण तालीम र क्लिनिकल स्कील तालीम प्राप्त चिकित्सक, स्टाफ नर्स तथा सुरक्षित गर्भपतन सेवा सम्वन्धि बिषयविज्ञ साथै केन्द्रको तालीम प्रशिक्षकमा सूचीकृत विज्ञ व्यक्ति यो तालीमको प्रशिक्षक हुनेछ ।<br>• सम्वन्धित काउन्सिलमा दर्ता भई नेपाल सरकारको स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/नर्सिंङ्ग अधिकृत/स्टाफ नर्सहरु यस तालीममा सहभागी हुन सक्छन । |
| बजेट बाँडफाँड | कार्यक्रमको खर्च प्रक्रिया साविजर्नक खरिद ऐन, २०६३ नियमावली, २०६४ तथा भ्रमण खर्च नियमावली २०६४, प्रदेश सरकारको खर्च |

| | |
|---|---|
| | मापदण्ड, २०७७ अनुसार गर्नुपर्दछ । तालिममा संलग्न प्रशिक्षार्थीहरु तथा अन्य जनशक्तिलाई आर्थिक सुविधा अर्थ मन्त्रालयको कार्यक्रम खर्च सञ्चालन निर्देशिका-२०७५ बमोजिम गर्नु पर्नेछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको कर्मचारीले कार्यक्रम सम्पन्न भएको अभिलेख अनिवार्य रुपमा राख्नु पर्दछ । सम्पन्न कार्यक्रमको प्रगति विवरण २१ दिनभित्र योजना शाखा तथा लेखा शाखामा तोकिएको ढाँचामा अनिवार्य रुपमा तोकिएको व्यक्तिले बुझाउनु पर्दछ । |

## १९(ग) चिकित्सक तथा नर्सिङ कर्मचारीका लागि अल्ट्रासाउण्ड तालिम

| | |
|---|---|
| परिचय | अल्ट्रासाउण्डको सहायताले गर्भवति महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि कार्यक्रम तथा बजेट बिनियोजन गरिएको छ । यो कार्य सम्पन्न गर्नका लागि , “चिकित्सक तथा नर्सिङ कर्मचारीका लागि क्लिनिकल अपडेट, सुरक्षित गर्भपतन र अल्ट्रासाउण्ड तालिम” को रुपमा राखेको छ । |
| उदेश्य | अल्ट्रासाउण्ड सम्बन्धि तालिम प्राप्त स्टाफ नर्स, सि. अ. न. मीले ग्रामिण अल्ट्रासाउण्ड सेवा मार्फत गर्भवति महिलाहरुको जटिलता पता लगाई समयमै CEONC siteमा रेफर गरि जटिलताको व्यवस्थापन गरि मातृ तथा नवजात शिशु मृत्युदर घटाउने उद्देश्यले यो कार्यक्रम गरिएको हो । |
| अपेक्षित प्रतिफल | गर्भसंग सम्वन्धित जटिलताहरु समयमै पहिचान भै व्यवस्थापन हुने र मातृ तथा पेरिनेटल मृत्यु कम हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | - प्रदेश स्वास्थ्य निर्देशानालयले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य कार्यालय र पालिकसंग समन्वय गर्ने<br>- यो कार्यक्रम लागु भएका पालिकाले तालिम प्राप्त गर्नु भन्दा पहिले USG मेसिन खरिद गर्नुपर्ने, सबै गर्भवति महिलालाई पाएक पर्ने र सुत्केरीको संख्या बढि हुने बर्थिङ सेन्टरबाट स्थायी दक्ष प्रसुती कर्मी छनौट गर्नेपर्ने<br>- यो कार्यक्रम लागु भएका पालिकाका तालिम प्राप्त स्टाफ नर्सरसि. अ.न.मी. हरुले तोकिएको स्वास्थ्य संस्था तथा गाउँघर ANC |

| | |
|---|---|
| | clinic मा गई गर्भवति महिलाको गर्भवति जाँचका समयमा निःशुल्क अल्ट्रासाउण्ड सेवा कार्यतालिका बनाई सोहि अनुसार प्रदान गर्नु पर्नेछ ।<br>- साथै तालिम प्राप्त नर्सिङस्टाफ हरुले कम्तीमा प्रेत्यक महिनामा १ पटक कम्तीमा ३ वटा स्वास्थ्य संस्था र सो भन्दा बढिकोANC Clinic मा गइ USG गर्नु पर्नेछ ।<br>पालिकाले गरिनुपर्नेरकम बाँडफाँड तथा USG को व्यवस्थापन<br>- USG गर्ने नर्स र १ जना सहायक ( हेल्पर) को लागि नियामअनुसार दैनिक भ्रमन भत्ता ।<br>- USG गर्ने नर्स र १ जना सहायक ( हेल्पर) को लागि बार्षिक १ । १ वटा व्याग (प्रति ) व्याग रु १५०। सम्मको) ।<br>- Rain coat खरिद गर्न ( रु १०००। ) सम्मको १ पटक मात्र ।<br>- रजिष्टर फारम छपाइएका लागि गर्ने ।<br>- आवश्यकता अनुसार Gel , wiper खरिद गर्ने ।<br>- यस कार्यक्रममा विनियोजित रकम अन्य कार्यक्रमको त्रियाकलापमा खर्च गर्न पाइने छैन । |
| कार्यक्रमको बजेट बाडफाड | यो कार्य सम्पन्न गर्नका लागि बार्षिक विनियोजित बजेट रकम रु. ४०,००,००० /– व्यवस्था गरेको छ । उक्त विनियोजित बजेटबाटअल्ट्रासाउण्ड तालिमको लागि रु. १०,००,००० रकम छुटयाएर तालिम सहभागी, प्रक्षिक भता, श्रोत व्यक्ति, खाजा आदिमा शिर्षक अनुमानित बांडफांड गरी प्रचलित कानून, नियम तथा मापडण्ड मुताविक कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिनेछ । |
| अभिलेख तथा प्रतिवेदन | यस कार्यक्रम अन्तर्गत सम्पन्न क्रियाकलापको रेकर्ड अनुसूचि ३ अनुसार प्रतिवेदन भरी अनिवार्य रुपमा स्थानीय तहले स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशानालय, परिवार कल्याण महाशाखामा पठाउनु पर्नेछ । |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले प्रकाशित सन्दर्भ सामाग्रीहरु |

**२०.पुर्ण सुरक्षित मातृत्व प्रदेश तथा zero home delivery घोषणा तथा निरन्तरता अभियान पाइलोटिङको रुपमा संचालन गर्ने** (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.३९४)

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरुको संस्था अध्यावधिक गरी सम्बन्धित स्थानीय तहलाई पूर्ण संस्थागत सुत्केरी घोषणा गर्न बजेट तथा कार्यक्रम व्यवस्था गरिएको छ । यो कार्य सम्पन्न गर्नका लागि "पुर्ण सुरक्षित मातृत्व प्रदेश तथा zero home delivery घोषणा तथा निरन्तरता अभियान पाइलोटिङको रुपमा संचालन गर्ने " को रुपमा राखेको छ । |
| उदेश्य | विशेष गरी स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच कम भएका वर्ग र समुदायलाई लक्षित गरी ती समुदायमा घरमा हुने सुत्केरी शुन्य अभियान सञ्चालन गरी लक्षित समुदायलाई दक्ष प्रशुती कर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच ,प्रशुती सेवा लिन अभिप्रेरित गर्ने । उपलब्ध स्वास्थ्य सेवाहरुको उपभोग गरी मातृ तथा नवजात शिशु मृत्युदरमा कमी ल्याउने । |
| अपेक्षित प्रतिफल | संस्थागत सुत्केरी बढन गइ मृत्यु नवजात शिशु मृत्यु दर र रुग्णता दरमा कमि आउने |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | स्थानीय तहका स्वास्थ्य शाखाका सुरक्षित मातृत्व कार्यक्रमका फोकल पर्सनले सो तहका गा पा / न. पा प्रमुख, वडाध्यक्ष वर्थिङ सेन्टरका प्रमुख एवं नर्सिङ स्टाफहरुसँग समन्वय गरी संस्थागत सुत्केरी घोषणाका लागि प्रसुती केन्द्रको कार्यक्षेत्रलाई छनोट गर्नुपर्नेछ ।<br>- छनौटमा परेका स्थानीय तहका वडा मध्येका गत आ व मा सवै भन्दा वढि संस्थागत सुत्केरी गराईरहेको कम्तिमा एउटा प्रसूती केन्द्को कार्य क्षेत्रलाई छनोट गरी पूर्ण संस्थागत सुत्केरी घोषणा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>- छनौटमा परेका वर्थिङ सेन्टरमा २ दिनको कार्यशाला गोष्ठी गर्नुपर्नेछ ।<br>- पहिलो दिनमा सो स्वास्थ्य संस्था कार्यक्षेत्र भित्र रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरु संग छलफल गरी प्रसूती केन्द्रको कार्यक्षेत्र भित्र रहेका समुदायका गत आ.व. को गर्भवती तथा सुत्केरी महिलाको विवरण तथ्याङक संकलन तथा विश्लेसन गरि |

| | |
|---|---|
| | संस्थागत सुत्केरी राम्रो भएका संस्थालाई पूर्ण संस्थागत सूत्केरी वडा घोषणा गर्नका लागि छान्ने ।<br>- दोश्रो दिनमा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी,व्यवस्थापन समिती , निर्वाचित पदाधिकारी एवं महिला स्वास्थ्य स्वय् सेविकाहरु संगछलफल पूर्ण संस्थागत सूतकेरि घोषणाको लागि कार्य योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने छ ।<br>**पूर्ण संस्थागत सुत्केरी घोषणाका मापदण्डहरु**<br>- वडामा रहेको कुल गर्भावतिको १५ प्रतिशतले स्वास्थ्य संस्थामा नै सुत्केरी गराएको हुनुपर्ने<br>- शत प्रतिशत गर्भावती महिलाहरुको पूर्ण टि.डि. खोप लगाएको हुनुपर्छ<br>- शत प्रतिशत गर्भावती महिलाले प्रोटोकल अनुसारको ४ पटक गर्भ जाच गराएको हुनुप<br>- शत प्रतिशत गर्भावती महिलाहरुले बेलामा आइरन तथा जुकाको औषधि खाएको हुनुपर्ने<br>- PMTCT सेवा सुरुवात भएको स्वास्थ्य संस्था भएको वडामा रहेको सात प्रतिशत गर्भवती महिलाहरुले स्वास्थ्य संस्था मार्फत उक्त सेवा लिएको हुनुपर्ने<br>- संस्थागत सुत्केरीलाई सधैका लागि निरन्तरता वडा स्तरमा दिगोपनको योजना बनाएको हुनुपर्ने। त्यसको लागि सुत्केरी जाच गर्न आए वापत प्रोत्साहनका कार्यक्रम गर्न सकिने छ ।<br>- यसरी एउटा स्थानिय तह अन्तर्गतका स्वास्थ्य संस्था र वडाहरु घोषण गर्दै गए पछि पुर्ण संस्थागत सुत्केरी स्थानिय तह घोषणा गर्न सकिने छ । |
| बजेट बाडफाड | यो कार्य सम्पन्न गर्नका लागि बार्षिक विनियोजित बजेट रकम रु. १०,००,०००/– व्यवस्था गरेको छ । उक्त रकमलाई कार्यक्रम सहभागी भता, श्रोत व्यक्ति, स्टेशनरि, खाजा आदि शिर्षकहरुमा अनुमानित बांडफांड गरी प्रचलित कानून, नियम तथा मापडण्ड मुताविक कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिनेछ । |
| अभिलेख प्रतिवेदन | अभिलेख प्रतिवेदनको लागि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य संस्थाले सम्बन्धित स्वास्थ्य कार्यालय,स्वास्थय कार्यालय, प्रदेश स्वास्थ्य निर्देशानालय, परिवार कल्याण महाशाखामा पठाउनु पर्नेछ । |
| सन्दर्भ सामाग्री | पुर्ण सुरक्षित मातृत्व प्रदेश तथा zero home delivery सम्वन्धित सन्दर्भ सामाग्रीहरु |

२१. प्रदेश स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालय एवं अस्पतालहरुको अर्धबार्षिक एवं बार्षिक समिक्षा गोष्ठी (खर्च शिर्षक २२५१२ कार्यक्रम संकेत २.६.६.१८)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य सेवाको समग्र बस्तुस्थितिको बारेमा छलफल गर्ने र मुख्य सवाल पहिचान गरि आगामी त्रैमासिक/अर्धबार्षिक/बार्षिक कार्ययोजनामा समावेस गर्ने उदेश्यले स्वास्थ्य कार्यालय एव अस्पतालहरुको अर्धबार्षिक एव बार्षिक कार्यक्रम समिक्षाको निश्चित पद्दति अवलम्बन गर्दै आएको छ । विशेष गरि प्रदेश निर्देशनालय स्तरबाट २ चरणमा समिक्षा र छलफल हुने गरि यस आ.ब. मा बजेट तथा कार्यक्रम व्यवस्था गरिएको छ । |
| उदेश्य | स्वास्थ्य सेवाको समग्र बस्तुस्थितिका बारेमा छलफल, स्वास्थ्य संस्थातह देखि स्वास्थ्य कार्यालय तहसम्म लछित गरे अनुसारको प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था, स्वास्थ्य सेवा उपभोगमा महिला, गरिव साथै बन्चीतिकरणमा परेको सेवाग्राहीहरुको अवस्था, सम्बन्धित निकाय एव सरोकारवालाहरुको भुमिकाहरुका बारेमा छलफल र निर्णय गर्ने । |
| अपेक्षित प्रतिफल | - प्रदेश अन्तर्गतको स्वास्थ्य सेवाको सामग्री बस्तुस्थितिका बारेमा छलफल भएको हुनेछ ।<br>- स्वास्थ्य संस्थातह देखि अस्पताल एव स्वास्थ्य कार्यालय तह सम्म लक्षित गरे अनुसारको प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था, खास सवाल पहिचान भएको हुनेछ ।<br>- स्वास्थ्य सेवा उपभोगमा महिला, गरिव साथै बन्चितिकरणमा परेको अवस्थाको बारेमा छलफल एवं सम्बोधन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| संचालन प्रक्रिया | - बार्षिक समिक्षा हुनु पूर्व प्रदेश स्वास्थ्य निर्देशनालय सबै स्वास्थ्या कार्यालय एव अस्पतालहरुलाई सामग्री स्वास्थ्य सेवा प्रवाह र त्यसको उपभोग अवस्था र विशेषगरी स्वास्थ्य सेवाले समेट्न नसकेको छेत्र एव समूह, वर्ग र सेवा उपभोग गर्न उनीहरुले भोग्नु परेको बाधा ब्यवाधानहरु (आर्थिक, सामाजिक, सांस्कृतिक, संस्थागत) लाइ सम्बोधन गर्नका लागी भएका प्रयासहरु र तिनीहरुको विश्लेषण सहितको सूचना एवं प्रस्तुतीकरणका लागी व्यवस्था मिलाउने । |

| | |
|---|---|
| | - स्वास्थ्य कार्यालय अस्पतालहरुको जिल्ला भित्र स्थानीय तहका समुदायहरु विशेस गरि महिला गरिव तथा बन्चितिमा परेका समूहरुलाई स्वास्थ्य सेवा उपभोग बृद्धि गराउन गरिएका प्रयासहरु, प्राप्त उपलब्धिहरु, त्यस्ता वर्ग र छेत्रमा सेवा उपलब्ध गराउन परेका कठिनाइहरुको विश्लेषणात्मक प्रतिबेदन पेश गर्न लगाउने ।<br>- यी समिक्षाहरुमा प्रत्येक स्थानीय तहहरुले सम्बोधन गर्नु पर्ने लैंगिक समानता र सामाजिक समावेशीकरण हिसाबले सम्बोधन गर्नु पर्ने सवालहरुलाइ प्राथमिकताका साथ उठाई आगामी बर्षको कार्य योजनामा समावेश गर्न सिफारिस गर्ने ।<br>- समिक्षामा प्रदेश भित्रका सेवा प्रवाहको अवस्था, त्यसमा पनि दुर्गम क्षेत्रमा सेवा प्रवाहको अवस्था, स्वास्थ्यकर्मी र औषधिको उपलब्धता आदिको बारेमा छलफल गरी संबोधन गर्नु पर्ने सवालहरुमा प्रदेश स्वास्थ्य निर्देशनालयले समाधान गर्न नसक्ने नमिल्ने भएमा स्थानीय तह साथै सामाजिक बिकास मन्त्रालय एवं संघिय मन्त्रालयलाई सिफारिस गर्ने<br>- प्रदेश भित्र महामारी र उच्च जोखिममा रहेका क्षेत्र र स्थान पहिचान गरि मौज्दात तयारि र रोकथामका लागि गरिएका प्रयास छलफल तथा उक्त कार्यलाई थप सुदृढ बनाउन अगामि दिनमा बिभिन्न तहबाट खेल्नु पर्ने भूमिकाका बारेमा समेत छलफल र निर्णय निकाल्नु पर्दछ ।<br>- यसरी समिक्षाबाट निष्कर्समा निस्किएका समग्र विषयहरु लैंगिक सामाजिक समावेशीकरण (लाइ प्रतिवेदन) सम्बन्धित समेतनमा लिपिवद्ध गरि चालु आ.ब. सम्बोधन गर्न सकिने र आगामी वर्ष कार्यक्रम र बजेटमा समावेश गर्नु पर्ने विषय छुट्याएर प्रतिवेदनमा समावेश गर्नु पर्दछ ।<br>- स्वास्थ्य तथा जनसख्या मन्त्रालयबट उपलब्ध हुने प्रसुतिकरण खाका विधि, प्रक्रियालाइ आधारमानी बार्षिक समिक्षा कार्यक्रम संचालन गर्नु पर्नेछ । यसरि प्राप्त हुने खाका, विधिमा प्रदेशस्तरबाट आवश्यकता बमोजिम थपघट गर्न सकिनेछ ।<br>- समिक्षा कार्यक्रममा प्राबिधिक सहयोगकालागी आवयकता अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सम्बन्धित विभाग तथा महाशाखा, केन्द्रहरु, गैरसरकारी संस्थाहरु लाई आमन्त्रण गर्न सकिन्छ. |

| | |
|---|---|
| | लक्षित समूह<br>- सामाजिक विकास मन्त्रालयका बिषयसंग सम्बन्धित पधाधिकारिहरु<br>- स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बिषयसंग सम्बन्धित पदाधिकारिहरु<br>- प्रदेश अन्तर्गत अस्पताल तथा स्वास्थ्य कार्यालय प्रमुखहरु<br>- प्रदेशमा कार्यरत अन्तराष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरु |
| बजेट बाँडफाँड | यो कार्य सम्पन्न गर्नका लागि विनियोजित बजेट रकम रु.५,००,००० /– व्यवस्था गरेको छ । उक्त रकमलाई कार्यक्रम सहभागी भता, श्रोत व्यक्ति, स्टेशनरि, खाजा आदि शिर्षकहरुमा अनुमानित बांडफांड गरी प्रचलित कानून, नियम तथा मापदण्ड मुताविक कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिनेछ<br>खर्च गर्दा अर्थ मन्त्रालय द्वारा जारि कार्यक्रम संचालन निर्देशन ( पछिल्लो सस्करण), सार्वजानिक खरिद एन, नियमावली तथा आर्थिक व्यवस्थापन सम्बन्धि नियम अनिवार्य पालन गर्नु पर्नेछ । |
| अभिलेख तथा प्रतिबेदन | कार्यसम्पन्न भए पश्चात कुनै सफ्टवेयर वा प्रणाली प्रविष्ट गर्नु पर्ने छ भने गर्ने । यदि त्यस्तो सफ्टवेयर वा प्रणालीको विकाश नभएको खण्डमा स्वा. से. वि. व्यवस्थापन महाशाखालाइ कार्यक्रम संचालन र खर्च समग्र ब्यवस्थापन महाशाखालाई कार्यक्रम संचालन र खर्चको सामग्री विस्तृत प्रतिवेदन तयारि गरि पेश गर्ने । |
| सन्दर्भ सामग्री | विभिन्न समयमा विभिन्न निकायहरुको आवधि समिक्षा सम्बन्धी निर्देशन एवं निर्देशिकाहरु जारि गरिएकालाई सन्दर्भ सामाग्रीहरुको रुपमा लिन सकिने छ । |

२२. **DMT, MEC छपाई (आठ जिल्ला) (खर्च शिर्षक २२३१५ कार्यक्रम संकेत २२७.१२.४.)**

| | |
|---|---|
| परिचय | DMT, MEC wheel अर्थात Decision Making Tool, Medical Eligibility Criteria Wheel भनेको कुनै पनि परिवार नियोजन सेवा लिन स्वास्थ्य सँस्थामा पुगेका सेवाग्राही/व्यक्तिको उमेर, स्वास्थ्य अवस्था, सन्तान संख्या, खाइरहेको औषधिहरु समेत सबै अवस्थालाई मध्यनजर गरेर परिवार नियोजनको कुन सेवा क्रमिक रुपमा सबै भन्दा उपयुक्त हुने भनेर निर्णय गर्न निकै सहयोगी साधन हो। यसको उपलब्धता सबै स्वास्थ्य सँस्था र सेवा प्रदायक सँग रहेको सुनिश्चित गर्न सके सेवा प्रदायकहरुलाई छिटो–छरितो तरिकाले गुणस्तरीय रुपमा प.नि. सेवा प्रवाहमा अवश्य योगदान पुग्नेछ । |

| | |
|---|---|
| उद्देश्य | आठै जिल्लाका स्वास्थ संस्थाहरुमा प.नि. परामर्श र सेवालाई थप प्रभावकारी तथा गुणस्तरिय बनाउन Decision Making Tool (DMT), WHO Medical Eligibility Criteria (MEC) wheel को प्रयोग गरी प.नि. का साधनहरुको उपलब्धता, छनौट, पहुँच र प्रयोग बढी गुणस्तरीय सेवामा वृद्धि हुनेछ । |
| अपेक्षित प्रतिफल | सबै स्वास्थ्य संस्थाहरुमा DMT, MEC Wheel उपलब्ध भई प .नि. प्रभावकारी परामर्श सेवा उपलब्ध हुने र सेवामा वृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | यस शिर्षकमा विनियोजन भएको बजेटबाट विश्व स्वास्थ्य सँगठनलेसिफारिस गरेको Decision Making Tool (DMT), WHO Medical Eligibility Criteria (MEC) wheel छाप्ने<br>- Decision Making Tool (DMT), WHO Medical Eligibility Criteria (MEC) wheelछाप्नको लागि सो टुलको स्पेसिफिकेसन तयार गर्ने (टुलमा प्रयोग हुने कागज, अक्षर (फन्ट, फन्ट-साइज सहित), बाइन्डिङ्ग, आदि समेत<br>- उपलब्ध बजेट अनुसार विभिन्न प्रेस/छापाखानाले कति इकाई खर्चमा जम्मा कति सँख्या छाप्ने भनेर bidding गराउने र कम रकममा उत्कृष्ट गुणस्तरको सामग्री प्रयोग हुनेगरी धेरै सँख्यामा छाप्नेप्रेस/छापाखानालाई छनौट गरी छाप्न जिम्मा दिने तयार<br>- तैयार टुललाई सम्पूर्ण ८ जिल्लामा पठाउने व्यवस्था गर्ने |
| बजेट बाँडफाँड | उपलब्ध रकम रुबाट स्थानिय छापाखानाहरु सँग सम्पर्क गरी सबै ५०० . ति इकाई कम रकममा उत्कृष्ट गुणस्तरको सामग्री प्रयोगप्रहुनेगरी छाप्न तयार प्रेस मार्फत DMT, MEC Wheel छपाउने । |
| सन्दर्भ सामग्री | १. “Family Planning - A global handbook for providers” डाउनलोड गर्ने वेबसाइटः https://www.who.int/health-topics/zika-virus-disease/publications/related-guidance&publication=family-planning---a-global-handbook-for-providers<br>२. DMT/MEC Wheelको नमुना डाउनलोड गर्ने वेबसाइटः https://apps.who.int/iris/bitstream/handle/10665/173585/9789241549257_eng.pdf?sequence=1<br>३. स्वास्थ्य तथा जनसंख्या मंत्रालयबाट प्रकाशित विषयगत क्षेत्रका सन्दर्भ सामाग्रीहरु |

## २३. चिकित्सकहरुलाई बन्ध्याकरण तालिम (खर्च शिर्षक २२५११ कार्यक्रम संकेत २४३.१.६.)

| | |
|---|---|
| परिचय | महिला एवं पुरुषका स्थायी बन्ध्याकरण (मिनिल्याप र भ्यासेक्टोमी) सेवाहरु सन्तानको इच्छा पुरा भैसकेका दम्पति/व्यक्तिहरुका लागि परिवार नियोजनको मुख्य र भरपर्दो साधन हो। स्थायी बन्ध्याकरण सेवाहरुले परिवार नियोजन कार्यक्रमको प्रगति र अवस्थाको सुचक तथ्याँक, परिवार नियोजन प्रयोग दर CPR बढाउन सहयोग पुर्याउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | सबै जिल्लाहरुमा स्थायी बन्ध्याकरण (महिला र पुरुष) तालिम प्राप्त चिकित्सक उपलब्ध भई सहज रुपमा सेवा प्राप्त गर्ने |
| अपेक्षित प्रतिफल | सबै जिल्लाहरुमा स्थायी बन्ध्याकरण तालिम प्राप्त (महिला र पुरुष) चिकित्सक उपलब्ध भई सहज रुपमा सेवा प्राप्त हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | यस शिर्षकमा विनियोजन भएको रकमबाट प्रदेश अन्तर्गतका अस्पताल/ स्वास्थ्य सँस्थाहरुमा कार्यरत चिकित्सकहरुलाई परिवार नियोजनको बन्ध्याकरण तालिम (मिनिल्याप र भ्यासेक्टोमी) प्रदान गर्नु पर्नेछ ।<br>- स्वास्थ्य निर्देशनालयले प्रदेशस्तरमा स्वास्थ्य तालिम केन्द्र सँग र परिवार कल्याण महाशाखा सँगको समन्वयमा चिकित्सकहरुको लागि चाहिने तालिम (मिनिल्याप र भ्यासेक्टोमी) को आवश्यकता पहिचान गर्ने (कति जनालाई, कहाँ-कहाँबाट); सम्भावित तालिम स्थल पहिचान गर्ने, सम्भावित सहजकर्ता/प्रशिक्षक पहिचान गर्ने।<br>- तालिमको लागि उपलब्ध बजेटलाई बाँडफाँड गर्ने (भत्ता, खाजा, तालिम सामग्री, आदि)<br>- सहभागी, स्रोत व्यक्ति र सहजकर्ता/प्रशिक्षकलाई आमन्त्रित गरी तालिम सञ्चालन गर्ने ।<br>- तालिम समापन पश्चात तालिममा भएको खर्च र भएका गतिविधि समेटेर आर्थिक र प्राविधिक प्रतिवेदन तयार गर्ने र सरोकारवाला सम्पूर्ण निकायलाई प्रेशित गर्ने । |
| बजेट | यस शिर्षकमा विनियोजन भएको बजेट रु. १६,००,००० लाई आठै |

| | |
|---|---|
| बाँडफाँड | जिल्लाका अस्पताल/स्वास्थ्य सँस्थाहरुबाट सहभागिता हुने गरी नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४ अनुसार स्रोत व्यक्ति, सहजकर्ता, र सहभागीहरुको दैनिक भ्रमण भत्ता र आवतजावत खर्च, स्टेसनरी, खाजा खर्च लगायत तालिममा आवश्यक सम्पुर्ण खर्चहरुको लागि बजेट छुटयाई समुचित रुपमा तालिम सञ्चालन गरिनेछ |
| सन्दर्भ सामग्री | - National Medical Standard Vol. 1 (Contraceptive Service) 2020<br>- स्वास्थ्य तथा जनसंख्या मंत्रालयबाट प्रकाशित विषयगत क्षेत्रका सन्दर्भ सामाग्रीहरु । |

**२४. निजी स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकलाई सुरक्षित गर्भपतन र त्यसको कानुनी प्रावधानबारे एक दिने अभिमुखिकरण** (खर्च शिर्षक २२५११ कृयाकलापको संकेत २३.३.६.)

| | |
|---|---|
| परिचय | नेपाल सरकारले निश्चित अवस्थामा मान्यता प्राप्त स्वास्थ्य सँस्थाहरुबाट सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिइसकेको अवस्था भएतापनि पछिल्ला केही वर्षमा विशेष गरी निजी स्वास्थ्य सँस्थाहरुवा सुचिकृत नभएका स्वास्थ्य सँस्थाहरु/स्वास्थ्यकर्मीहरुबाट असुरक्षित गर्भपतन बढ्दै गएको विभिन्न अध्ययनले देखाएको छ । सुरक्षित गर्भपतनको बारेमा र त्यसको कानुनी व्यवस्था बारे जानकारी नहुनु समेत सो अवस्थाको कारक तत्व हो र त्यसलाई परिपुर्ति गर्न निजी स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकलाई सोही विषयमा जानकार तुल्याउनु अत्यावश्यक छ । |
| उद्देश्य | निजी स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकहरु सुरक्षित गर्भपतन र त्यो सँग सम्बन्धित कानुनी प्रावधान बारे जानकारी पाउनेछन् र त्यसले असुरक्षित गर्भपतनको सँख्यामा कमी ल्याउनेछ। |
| अपेक्षित प्रतिफल | निजी स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकहरु सुरक्षित गर्भपतन र त्यो सँग सम्बन्धित कानुनी प्रावधान बारे जानकार हुनेछन । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन | - स्वास्थ्य निर्देशनालयले प्रदेशस्तरमा उपलब्ध बजेटबाट निजी |

| | |
|---|---|
| प्रकृया | स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकहरु सुरक्षित गर्भपतन बारे अभिमुखिकरण दिन सकिने बारे विस्तृत योजना तयार गर्ने र निजि स्वास्थ्य धेरै भएका जिल्लाहरुमा अभिमुखिकरण संचालन गर्ने ।<br>- सम्भावित कार्यक्रम स्थल पहिचान गर्ने, सम्भावित स्रोत व्यक्ति सहजकर्ता/प्रशिक्षक पहिचान गर्ने।<br>- सहभागी, स्रोत व्यक्ति र सहजकर्ता/प्रशिक्षकलाई आमन्त्रित गरी तोकिएको मितिमा अभिमुखिकरण सञ्चालन गर्ने ।<br>- अभिमुखिकरण समापन पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन तयार सम्बन्धित निकायमा पेश गर्ने । |
| बजेट बाँडफाँड | यस शिर्षकमा विनियोजन भएको बजेटबाट आठै जिल्लाका निजी स्वास्थ्य सँस्था तथा फार्मेसी संचालक सेवा प्रदायकहरुबाट सहभागिता हुने गरी नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४ अनुसार स्रोत व्यक्ति, सहजकर्ता, र सहभागीहरुको दैनिक भ्रमण भत्ता र आवतजावत खर्च, स्टेसनरी, खाजा खर्च लगायत तालिममा आवश्यक सम्पुर्ण खर्चहरुको लागि बजेट छुट्याई समुचित रुपमा एक–दिने अभिमुखिकरण सञ्चालन गरिनेछ । |
| सन्दर्भ सामग्री | १. सुरक्षित गर्भपतन सेवा कार्यक्रम कार्यविधि निर्देशिका, २०७३<br>२. The Right to Safe Motherhood and Reproductive Health Act, 2075 (2018)<br>३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रकाशित विषयगत क्षेत्रका सन्दर्भ सामाग्रीहरु |

**२५. पोषण सम्बन्धि जनचेतना जगाउन प्रदेशका सबै भाषामा सडक नाटक संचालन (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४००)**

| | |
|---|---|
| परिचय | महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विभिन्न प्रयासहरु हुदै आएको देखिन्छ। यसै सन्दर्भमा राष्ट्रिय नीति २०७१ ले गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्ने नीति अवलम्बन गरेको छ । पोषण अवस्था सुधार्नको लागि पोषण सम्बन्धि बानी व्यवहारलाई सकारात्मक दिशातर्फ रुपान्तरण गर्न आवश्यक छ। WHO तथा FAO |

| | |
|---|---|
| | को खानपान सम्बन्धि मार्गदर्शनलाई आधार मानी प्रदेश २ का जनतामा यहाँ बोलिने स्थानीय भाषामा सडक नाटक संचालन गरि ती व्यहारको लागि आमजनताहरुमा जानकारी गराई जागरुक बनाउन यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रदेश २ का जनतामा स्थानिय भाषामा सडक नाटकको माध्यमले पोषण सम्बन्धि सकारात्मक व्यवहार बारे जानकारी गराई कुपोषण न्यूनिकरण गर्नु हो । |
| अपेक्षित प्रतिफल | पोषण सम्बन्धि साकारात्मक व्यवहारमा परिवर्तन आई खानपानको असल अभ्यास भई कुपोषण न्यूनिकरण हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | |
| सञ्चालन प्रकृया | पूर्ण पोषण युक्त वडा अभियानको रुपमा छनौट भएको वडामा स्थानीय संघसंस्था तथा नाट्य समुहहरुसँग समन्वय तथा सहकार्य गरी सडक नाटक संचालन गर्ने ।<br><br>लक्षित समुह : त्यस वडाका आमजनता (विशेषतः प्रजनन् उमेरका महिला)<br><br>कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण : आवश्यकता अनुसार सामाजिक विकास मंत्रालयको स्वास्थ्य महाशाखाले अनुगमन गर्नेछ । |
| बजेट बाँडफाँड | प्रचलित नियमानुसार बजेटको परिधिभित्र रही सडक नाटकका लागि सम्झौता तथा आवश्यक सामग्रीहरु व्यवस्थापन गर्न खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | WHO र FAO को खानपान सम्बन्धि मार्गदर्शन, पोषण सम्बन्धि सन्दर्भ सामाग्री |

**२६.प्रदेश स्तरीय पोषण अवस्थाको सर्वेक्षण कार्यक्रम (Standardized monitoring and assessment of relief and Transition SMART survey)** (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०१)

| | |
|---|---|
| परिचय | प्रदेश २ मा महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विगत लामो समयदेखि प्रयासहरु हुदै आएको छ । वर्तमान संघियताको सन्दर्भमा प्रदेशमा गुणस्तरीय पोषण सेवा प्रदान गर्नु प्रदेश सरकारको दायित्व पनि हो । यदपि अपेक्षत प्रतिफल हासिल गर्न अझ धेरै काम गर्नु पर्ने तथ्याङ्कहरु विभिन्न सर्वेक्षणकाप्रतिवेदनहरु - नेपाल जनसांख्यिक तथा स्वास्थ्य सवेक्षण (Nepal Demographic Health Survey - NDHS), बहु सुचाङ्क |

| | |
|---|---|
| | क्लस्टर सर्वेक्षण (Multiple indicator Cluster Survey- MICS) ले देखाएको छ ।<br>राष्ट्रिय स्तरमा गरिने सर्वेक्षण कम्तिमा पनि पाँच वर्षको अन्तरालमा गरिन्छ । कुनै एक समयमा प्रदेशको कुनै समुहमा कुपोषण हुनका कारणहरु (Causal factor for Malnutrition)पत्ता लगाई उचित गुणस्तरीय पोषण सेवा दिनका लागि यी सर्वेक्षण अपूर्ण देखिन्छ । प्रदेशका योजनाकार तथा नीति निर्माणकर्तालाई प्रदेश सान्दर्भक नीति, रणनीति, योजना तथा कार्यक्रम बनाउनका लागि प्रदेश स्तरीय पोषण अवस्थाको तथ्याङ्क तथा मुख्य नतिजाको आवश्यकता पर्दछ । प्रदेशमा गुणस्तरीय पोषण सेवा प्रदान गर्ने कार्यक्रमको योजना बनाउन, **प्रदेश स्तरीय पोषण अवस्थाको सर्वेक्षण** (Standarized Monitoring and Assessment of Relief and Transition Survey-SMART) गर्न आवश्यक देखिन्छ । |
| उद्देश्य | प्रदेश २ को जनताको पोषण स्थितिको बारेमा सर्वेक्षण रिपोर्ट तयार गरी, कुपोषणका जोखिममा रहेका समुहका लागि विशेष पोषण कार्यक्रम/प्याकेज सिफारिस गर्ने |
| अपेक्षित प्रतिफल | - प्रदेशको पोषण स्थितिको बारेमा सर्वेक्षण रिपोर्ट तयार हुने<br>- कुपोषणको उच्च जोखिम भएको वर्ग, जाति, उमेर, लिङ्ग, आर्थिक अवस्था, संप्रदाय, समुहको पहिचान हुने<br>- प्रत्येक समुहमा कुपोषण हुनका कारणहरु निर्कयौल हुने |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | - निर्देशनालयले पोषण सर्वेक्षणको क्रममा आवश्यक अनुगमन तथा सुपरिवेक्षण एवं प्राविधिक रुपमा सर्भे टोली तथा संस्थाहरुलाई पृष्ठपोषण गर्ने ।<br>- निर्देशनालयले पोषण सर्वेक्षणको क्रममा सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख तथा पोषण विशेषज्ञ, तथ्याङ्क र सर्वेक्षण विशेषज्ञ, पोषणमा काम गर्ने सहयोगी संस्थाहरुलाई सहभागी गराई छलफल गर्ने ।<br>- लक्षित वर्ग, जाति, लिङ्ग, उमेर, समुहमा पोषणमा सुधार ल्याउन सकिने विशेष पोषण कार्यक्रम/प्याकेज सिफारिस गर्न सकिने |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार अनुगमन तथा सुपरिवेक्षणमा बजेट खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, फारम, चेकलिष्टहरु, उपकरण, प्रश्नावली |

२७.नमुनाको रुपमा जिल्लाको कुनै एउटा वडालाई पूर्ण पोषण युक्त वडा अभियानको रुपमा घोषणा प्रदेश स्वास्थ्य निर्देशनालयले स्थानिय तहलाई प्राविधिक सहयोग (निर्देशिका, कार्यविधि, तालिम, फाराम,चेकलिष्टहरु) तथा अनुगमन मुल्यांकन (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०२)

| | |
|---|---|
| परिचय | स्थानिय तहबाट सञ्चालन हुने क्रियाकलापहरुलाई परिणाममुखी बनाउन स्थानीय सरकारको तर्फबाट प्रदान गरिने न्यूनतम स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइका सेवाहरुको बारेमा सुसुचित गर्दै उक्त सेवा प्रदायकहरुसम्म उनीहरुको पहुँच पुऱ्याउन बिभिन्न खालका सचेतनामुलक अभियानहरु सञ्चालन गरि स्वस्थ आनी वानी तथा सरसफाईका असल अभ्यासहरुको विकास गरि त्यसको दिगोपनका लागी पोषण उन्मुख नमुना पालिका निर्माणका लागि पोषण, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका, पशुपन्छी र पूर्ण सरसफाइका कार्यक्रमहरु तर्जुमा गरि तपसिलमा उल्लेखित चुनौतीहरु सम्बोधन गर्न अपरिहार्य देखिन्छ। |
| उद्देश्य | पोषण विशेष र पोषण सम्बेदनशील कार्यक्रम संचालन गरी सुनौलो हजार दिनका आमा, किशोरी तथा वालवालिकाको पोषणको अबस्थामा सुधार गर्दै पुर्ण पोषण मैत्री पालिका बनाउन अभियान संचालन गर्ने<br><br>पोषणयुक्त वडा/टोल घोषण पछिको स्थायीत्वका लागि त्यस सबै सरोकारवालाहरुलाई संलग्न गर्ने |
| अपेक्षित प्रतिफल | आफ्नो स्थानीय निकायमा बालबालिका, किशोर किशोरी, तथा महिलाहरुको पोषण अवस्थामा सुधार भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य निर्देशनालय, पूर्ण पोषण युक्त वडा अभियानका लागि छनौट भएका वडाका स्थानिय सरकार तथा त्यस वडा अन्तर्गतका स्वास्थ्य संस्था/हरु |
| सञ्चालन प्रकृया | **पोषण मैत्री नमूना टोल, बस्ती, वडाघोषणाका आधारहरु**<br><br>क) **स्थान छनौट** : शीघ्र कडा कुपोषणको संख्या नभएको वा नियन्त्रणमा रहेको वडामा रहेका टोललाई मध्यनजर गरी पोषणमैत्री वातावरण सिर्जना गर्न एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ । छनौटमा परेको ५ वटा टोलहरुमा एउटा टोल कम्तीमा २५ घरधुरी पर्नेगरी पोषण मैत्री नमुना टोल छनौट गरिनेछ।<br><br>ख) **छनौटका आधारहरु** : पोषण मैत्री नमुना टोल छनौटका लागी निम्नानुसारको छनौटका आधारहरु रहनेछन। |

| | |
|---|---|
| | - सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको संख्या बढी भएको गाउँ वा क्षेत्र<br>- कडा कुपोषणबाट प्रभावित बालबालिको संख्या बढी भएको क्षेत्र<br>- किशोरीहरुको संख्या (बिद्यालय छोडेका) बढी भएको<br>- सामाजिक तथा आर्थिक बञ्चितिकरणमा परेको समुदाय<br>- सामाजिक भावना भएका तथा समुहमा मिलेर काम गर्न प्रतिबद्ध रहेको समुदाय<br>- सामुहिक तरकारीको खेतीको लागी जमिन उपलब्ध भई सबै घरधुरीहरु सामुहिक पोलीहाउसबाट तरकारीको बेर्ना लगेर आफनो बारीमा लगाउन प्रतिबद्ध समुदाय<br>- लैंगिक तथा घरेलु हिंसा सम्बन्धी जानकारी गराउन आबश्यक ठानिएको समुदाय<br>- कार्यक्रमबाट कम्तीमा २५ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित हुनुपर्नेछ ।<br>- पूर्ण पोषण युक्त वडा अभियानको रुपमा घोषणा प्रदेश स्वास्थ्य निर्देशनालयले स्थानिय तहलाई प्राविधिक सहयोगको लागि निर्देशिका, कार्यविधि, तालिम, फाराम,चेकलिष्टहरु छपाई, वितरण तथा अनुगमन मुल्यांकन गर्ने । पोषण मैत्री नमूना टोल, बस्ती, वडा बनाई नमूना टोल, बस्ती र वडा घोषणा गर्न ।<br>- शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैंगिक समानता जस्ता क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलता अभिवृद्धि गरी समुदायका सम्पूर्ण मानिसको क्षमता, जिम्मेवारी साथै जवाफदेहीतालाई अभिवृद्धि गर्न ।<br>- पोषण मैत्री नमूना टोल, बस्ती, वडा बनाई नमूना टोल, बस्ती र वडा घोषणा गन सञ्चालन हुने क्रियाकलापहरुलाई परिणाममुखी बनाउन, प्रदेश विशेषज्ञ तहबाट योजना तर्जुमा, प्राविधिक सहयोग, समयमा नै अनुगमन गरी पोषण मैत्री नमूना टोल घोषणमा सहयोग तथा मार्गनिर्देशन गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार अनुगमन तथा सुपरिवेक्षणमा बजेट खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | पोषण मैत्री स्वास्थ्य संस्था घोषणा सम्बन्धि मापदण्डहरु |

२८.बालबालिका, किशोरी तथा गर्भवती सुत्केरी महिलाहरुको एकिकृत पोषण विशेष कार्यक्रम तथा बहुसुक्ष्म पोषक तत्वको महत्वको बारेमा नीति तथा योजना आयोग मंत्रालयहरु तथा नेतृत्वदायी भुमिकाको प्रभावकारी व्यक्तित्वहरुलाई २ दिने पैरवी तथा अभिमुखिकरण (खर्च शिर्षक २२५२२ कार्यक्रम संकेत २.७.२२.४०३)

| | |
|---|---|
| परिचय | महिला तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार गर्ने प्रदेश सरकारको रणनीति तथा कार्ययोजना अनुरुप प्रदेश २ मा महिला बालबालिका लक्षित पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन भैरहेको व्यहोरा अवगत नै छ । विगत केही वर्ष देखि सरकारी तथा गैर सरकारी संघ संस्थाका प्राविधिकहरुले शीघ्र कुपोषण व्यवस्थापन, सुक्ष्म पोषक तत्व वितरण, पोषण व्यवहार परिवर्तनका लागि परामर्श लगायत पोषण सम्बन्धि विभिन्न तालिमहरु संचालन भैरहेको परिपेक्ष्यमा- नेपाल सरकारले पोषण विशेष सबै विषयवस्तु एकिकृत गरी, हाल बहु क्षेत्रीय पोषण अवधारणमा राष्ट्रिय पोषण नीति, राष्ट्रिय कार्य योजना तथा मितव्ययी श्रोत व्यवस्थापन समेतलाई मध्यनजर गरि नेपालमा विद्यमान न्यून पोषणलाई सम्बोधन गर्ने हेतुले "वृहत पोषण विशेष कार्यक्रम" ल्याएको छ । यो संचालनको लागि "वृहत पोषण विशेष कार्यक्रम सम्बन्धि स्वास्थ्य कार्यकर्ताहरुका लागि आधारभूत क्षमता अभिवृद्धि पुस्तिका २०७६" लगायत प्रशिक्षक प्रशिक्षण तालिम, अभिमुखिकरण गोष्ठी गरी आगामी दिनमा पोष्ण सम्बन्धि व्यवहारमा परिर्वतन आउने छ र कुपापोषबाट प्रदेश २ का बालबालिका, किशोरी, महिला तथा घर परिवारको पोषण सम्बन्धि व्यवहारमा परिर्वतन आउने छ र कुपोषणबाट पिडित महिला तथा बालबालिकाको जीवन रक्षा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । |
| उद्देश्य | प्रदेश तहका सबै सरोकारवालाहरुलाई एककृत/वृहत पोषण सम्बन्धी पैरवी/अभिमुखिकरण गर्ने तथा स्वास्थ्यकर्मीहरुको वृहत पोषण विशेष कार्यक्रम सम्बन्धि स्वास्थ्य कार्यकर्ताहरुका लागि आधारभूत क्षमता अभिवृद्धि भई तालिम संचालन गर्न सक्षम हुने । |
| अपेक्षित प्रतिफल | प्रदेश २ मा पोषण सेवामा सुधार हुनका साथै ५ वर्ष मुनिका बालबालिका, किशोरी, गर्भवती तथा सुत्केरी आमा तथा घर परिवारको पोषण स्थितिमा सुधार हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य निर्देशनालय |
| सञ्चालन प्रकृया | • प्रदेश स्तरको वृहत पोषण सम्बन्धी पैरवी/अभिमुखिकरण कार्यक्रम दुई दिनको दुई चरण (ब्याच) मा संचालनमा गरिनेछ ।<br>• तालिम संचालन गर्दा वृहत पोषण विशेष प्याकेजको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका सहजकर्ताको सहयोगमा तालिम संचालन गर्ने । स्वास्थ्य महाशाखा-सामाजिक विकाश मन्त्रालय, प्रदेश निर्देशानलयमा कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन पठाउने । |
| बजेट बाँडफाँड | बजेटको परिधिभित्र रही आवश्यकतानुसार बजेट बाँडफाँड गरी खर्च गर्ने । |
| सन्दर्भ सामाग्री | संचालन निर्देशिका, वृहत पोषण विशेष कार्यक्रम सम्बन्धि स्वास्थ्य कार्यकर्ताहरुका लागि आधारभूत क्षमता अभिवृद्धि पुस्तिका २०७६ |

